महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

गोडैता नगरपालिका
सर्लाही

महालेखापरिक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं १ र प्रदेश न २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः२०७८।७९

च. नं. १०९ मितिः २०७८/५/४

बिषयः लेखापरीक्षण प्रतिबेदन ।

श्री नगर प्रमुखज्यु
गोडैता नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, सर्लाही ।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

....
(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्नसक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरेको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः

च.नं.: ७२ मितिः २०७८।५।४

श्री नगर प्रमुखज्यु

गोडैता नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, सर्लाही ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले गोडैता नगरपालिका आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१ पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग पुर्णरुपमा गरी वित्तिय बिबरण तयार गरेको छैन ।

२ लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएन । अन्तिम प्रतिवेदन पाना ४४ यसैसाथ संलग्न छ ।

३ लेखापरीक्षणबाट रु ११ करोड २९ लाख ८७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ करोड रु ७ लाख ४७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ५ करोड ७७ लाख ९८ हजार नियमित गर्नुपर्ने १ करोड ६७ लाख १३ हजार पेश्की बाँकी रु २ करोड ७७ लाख २९ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तिय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तिय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तिय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तिय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

छ । नगर कार्यपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तिय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तिय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तिय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्यगल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

....

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्ष

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

गोडैता नगरपालिका सर्लाही

लेखापरीक्षण प्रर्तिवेदन

२०७६।७७

संचित कोषको आयव्यय विवरण

सि.न.	आय तर्फ		सि.नं.	व्यय तर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**	**४५८९६२६०।७५**	१	**चालु खर्च**	**९३५११०२६।५०**
	क) नगद	०		क) संघीय वित्तीय समानीकरण	०।००
	ख) बैंक	४५३१०८९४।५५		ख) प्रदेश वित्तीय समानिकरण	०।००
	ग) धरौटी बैंक	५८५३६६।२०		ग) राजश्व बांडफांड	६७१४६२३०।८७
२	**संघीय वित्तीय हस्तानान्तरण**	**३६३९९००००।००**		घ) आन्तरिक श्रोत	१०१०५९८०।६३
	क) वित्तीय समानीकरण अनुदान	१३७७०००००।००		ङ) कोरोना राहत कोष	१५८८७८७१।००
	ख) सशर्त अनुदान	२२६२९००००।००		ञ) संघीय मामिला तथा स.प्र.मन्त्रालय	२२५९४४।००
३	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	**२४५९८०००।००**		ट) बेटी बचाउ बेटी पढाउ	५००००।००
	क) वित्तीय समानीकरण अनुदान	७५९८०००।००		ठ) युनिसेफ	९५०००।००
	ख) सशर्त अनुदान	१०००००००।००	२	**पुजीगत खर्च**	**११८७५०२४५।००**
	ग) समपुरक अनुदान	४००००००।००		क) संघीय वित्तीय समानीकरण	८२५८०५८६।००
	घ) विशेष अनुदान	३००००००।००		ख) प्रदेश वित्तीय समानिकरण	७५९८०००।००
				ग) समपुरक अनुदान	४००००००।००
				घ) विशेष अनुदान	३००००००।००
४	**आन्तरिक आय**	**८३९०४५७१।१७**		(ङ) आन्तरिक श्रोत	२१५७१६५९।००
	क) आन्तरिक राजश्व	१४४३२२६४।३०			
	ख) राजश्व बाडफाड(संघीय र प्रदेश)	६७१४६२३०।८७	३	**सशर्त अनुदान खर्च**	**२०८६५५७६१।००**
	ग) अन्य आय बेरूजु आम्दानी	२३२६०७६।००		क) संघीय सशर्त अनुदान	१९८८४३४३६।००
				ख) प्रदेश सशर्त अनुदान	९८१२३२५।००
५	**विषयगत निकासा रकम**	**१४६१४११८२।००**	४	विषयगत निकायको खर्च	**१४४६१६६३८।००**
	क) सामाजीक सुरक्षा	१३०३४६८००।००		क) सामाजीक सुरक्षा	१३०२८९४००।००
	ख) स्थानीय पुर्वाधार	१०००००००।००		ख) स्थानीय पुर्वाधार	९९६८०००।००
	ग) गरिब संग विश्वेश्वर कार्यक्रम	४९४७७५।००		ग) गरिब संग विश्वेश्वर कार्यक्रम	४९४७७५।००
	घ) बहुक्षेत्रीय पोषण	७०४६७६।००		घ) बहुक्षेत्रीय पोषण	७०४६७६।००
	ङ) सडक बोर्ड	२०६०६०९।००		ङ) सडक बोर्ड	२०६०६०९।००
	च) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	१०९९१७८।००		च) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	१०९९१७८।००
	ञ) संघीय मामिला तथा स.प्र.मन्त्रालय	२२५९४४।००	५	**धरौटी फिर्ता**	**५७२६४३।००**
	ट) बेटी बचाउ बेटी पढाउ	५००००।००	६	विभिन्न कोष आम्दानी	
	ठ) युनिसेफ	११५९२००।००		**क) कर्मचारी कल्याण कोष**	**६८८०९४।३५**
६	धरौटी प्राप्ती	**१०१५४६३।१**		यस वर्षको खर्च	०।००
७	विभिन्न कोष आम्दानी			बाकी मौज्दात	६८८०९४।३५
	क) कर्मचारी कल्याण कोष	**६८८०९४।३५**		**ख) प्रकोप व्यवस्थापन कोष**	**१५०००००।००**
	अ ल्या	१८८०९४।३५		खर्च	०।००
	यस वर्षको आम्दानी	५०००००।००		बाकी मौज्दात	१५०००००।००

	ख) प्रकोप व्यवस्थापन कोष	**१५०००००।००**	७	**बांकी मौज्दात**	**९८४१०९७७२२**
	अ.ल्या	०।००		क) स्रेस्ता अनुसार बाकी संचित कोष खाता :	२२१४१०८४।८१
	आम्दानी	१५०००००।००		चालु खर्च खाता	९२२७१४४।४१
				पुजीगत खर्च खाता	६७०४२७४८।००
				ख) धरौटी बाकी	**१०२८१८६।३०**
	जम्मा	**६६७७३३५७१।३७**			**६६७७३३५७१।३७**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	परिचय–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गोडैटा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गोडैटा नगरपालिकाको उद्देश्य रहेको छ । यस गोडैटा नगरपालिका अन्तर्गत १२ वडा, ६५ सभा सदस्य, ४८.६२ वर्ग किलोमिटर क्षेत्रफल तथा ४२३१५ हजार जनसंख्या रहेको छ।	
१.	महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना, २०७७ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।	
२.	**वित्तिय बिबरण र संचितकोषहिसाव** –स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्	
३.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।	
४.	**सुत्रकोप्रयोगः**नगरपालिकाहरुलाईSub National Tresury Regulatory Application(SUTRA)प्रयोग गरी लेखा राख्ने निर्देशन भएअनुसार यसआर्थिक बर्षमा लागु गरेको भएतापनि विषयगत मन्त्रालयबाट प्राप्त बजेट सुत्रमा प्रविष्ट नगरेको, गत वर्षको मौज्दात रकम अ.ल्या. नभिडेको, स्रोतगत अनुमान बजेट सुत्रमा प्रविष्ट गरेकोमा अन्तिम बजेट सोही मानेको हुँदा मौज्दात रकम घटी/बढि देखिएको र कार्यालयले सुत्रबाट गोश्वारा भौचर मात्र उतार गरी अन्य विवरण प्रविष्ट नगरेको कारणले म.ले.प.फा.नं.२७५ र २७२ भिडान नभएको अवस्था छ । डाटा प्रविष्ट गरी वार्षिक प्राप्ती तथा भुक्तानीको हिसाव मिलान गर्नुपर्दछ ।पालिकाले सबै कारोबार सुत्रको सफ्टवयरमा प्रबिष्टी नगर्दा मौज्दात जिम्मेवारी र आम्दानी खर्चमा म.ले.पा.फा.नं.१७२ ले यर्थात चित्रण नगरेकोले मूल्यांकन गर्न सकिएन ।	
५.	**बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक र बार्षिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा गरेको छैन ।चेक साट्न बाकीको बिबरण तयार नगरि स्थानीय तहले खाता सञ्चालन गर्दा मौज्दात फरक पर्न गएको छ ।कार्यालयले चालु र पुजिगत खर्च खातामा रहेको मौज्दात आर्थिक वर्षको अन्त्यमा सन्चित कोष खातामा ट्रान्सफर गरी खर्चखाता शुन्य बनाउनु पर्नेमा चेक साट्ने अवधी सकिएपछि मौज्दात ट्रान्सफर गरेको देखियो ।	
६.	उपरोक्तानुसार आर्थिक बर्षको अन्त्यमा कार्यालयको श्रेस्ताको मौज्दात कर्मचारी कल्याणकोष बाहेक	

	रु.१००९३९१६३.५० र बैंक मौज्दात रु.२०८४२७१८६.६७ रहेकोमा बैंक बढी रु.१०७४८८०२३.१७ को बैंक समायोजन हिसाब तयार गरी अध्यावधिक गर्नु पर्ने देखिन्छ ।	
	• **अनुदान प्राप्ति, वितरणर फिर्ता**	
७.	**अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार २०७७ असार मसान्तमा मौज्दात रहेको अनुदान खर्च नभई बाँकी देखाएको रु.२७७२३६३८.९५ मिति २०७७।९।१९ मा मात्र फिर्ता गरेको देखियो। खर्च नभई बाँकी रहेको रकम आर्थिक बर्ष भित्र सम्बन्धित निकायमा फिर्ता गर्नुपर्दछ ।	
८.	**वित्तिय विवरणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ४ मा स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम , अन्तरिक आय ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएकोमा यस पालिकाले सो वमोजिमको एकिकृत विवरण तयार गरेको देखिएन ।	
९.	**काम, कर्तव्य र अधिकार**-स्थानीय तहको अधिकारको (संविधानकोअनुसूची-८मा) उल्लेखछ।स्थानीय तहको अधिकारमा नगरप्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभू तर माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन लगायत २२ प्रकारका अधिकार उल्लेख छ। सो बाहेक स्थानीय तहले संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा समेत उल्लेख छ।संघ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रको कुनै विषय पालिकालाई कानून बनाई निक्षेपण गर्न सक्ने व्यवस्था छ।यस पालिकालाई मात्र संघ वा प्रदेशबाट छुट्टैकानूनको निक्षेपण भएको अवस्था देखिदैन।	
१०.	**भ्रमण अभिलेख र आन्तरीक नियन्त्रणः**भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने कर्मचारीको अनुसुचि-६ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने र खटाउने पदाधिकारीले विश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्थापन समेत गर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष अनुगमन मूल्याँकन र भ्रमण खर्च शिषर्क बाट रु.२२७८३००। खर्च गरेकोमा नियमावली अनुसार उद्देश्य र काम प्रयोजन नखुलाएको तथा भ्रमण पश्चात प्रतिवेदन पेश नगरेको अवस्थामा सरकारी काम उल्लेख गरी जलेश्वर जनकपुर गएको भनी एकै व्यक्तिको पटक पटकको भ्रमण खर्च लेखेको देखिएकोले काम वेगर भ्रमण खर्च भएकोले मितव्ययीता र आन्तरिक नियन्त्रणमा सुधार गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।	
११.	**सेवा प्रबाहको स्थतिः** सेवा प्रबाहलाइ चुस्त दुरुस्त एबं प्रभावकारी बनाउन पालीकाले प्रयाप्त ध्यान दिनु पर्दछ ।यस बर्ष पालिकाले पन्जिकरण तर्फ मृत्यु दर्ता बिबाह बसाइ सराइ आएकव गएको कति छ सोको तथ्यांक एबं अपांग परिचयपत्र जेष्ठ नागरिक परिचयपत्र लगायतका सेवा प्रबाहको तथ्यांक बिबरण माग गरेकोमा लेखापरीक्षणमा पेश नभएकोले बिश्लेषण गर्न सकिएन ।सेवा प्रबाह सम्बन्धी सबै तथ्यांक एकिकृत गरी भौतिक प्रगति बिबरण अद्यावधिक गर्नु पर्दछ ।	
१२.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगर प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत	

	नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
१३.	**अनुगमन तथा सुपरिवेक्षणः** स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजना समेत तयार गर्नुपर्ने र मापालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य योजना बनाई जेष्ठ, असार मिहनामा योजना अनुगमन गरेकोमा कार्यान्वयन गरेको देखिएन।अनुमगन प्रतिवेदनमा आर्थिक अवस्था र काम सम्पन्न भएको व्यहोरा उल्लेख गर्ने गरेको छ । काम नभएका र सुधार गर्नुपर्ने व्यहोरा उल्लेख गर्ने गरेको देखिएन । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदनमा ऐनले निर्दिष्ट गरे बमोजिम प्राविधिक पक्षको कमि कमजोरी नऔंल्याउँदा साधनस्रोतको अधिकत्तम उपयोग, सेवा प्रवाह तथा कामको गुणस्तर प्रभावकारी हुन नसक्नेतर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानु पर्दछ।	
१४.	**खाना तथा विविध खर्च**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। ।यस स्थानीय तहले यो वर्ष खाना, खाजा तथा कार्यक्रम विविधतर्फ मात्र रु.२७३०००० ।खर्च गरेको छ। खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१५.	**औषधी खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।बोलपत्रबाट ४० लाख र ७ लाख सोझै यस वर्ष न.पा. तर्फ र शर्शत तर्फ १८ लाख गरी रु.४७ लाखको खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः	
१५.१.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
१५.२.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
१५.३.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
१५.४.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
१५.५.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
१५.६.	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
१६.	**वातावरणीय प्रभावः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा पालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ ।	

	पालिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, ढल निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगति पेस भएन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई बातावरण संरक्षणको दीर्घकालिन योजना तयार गरी कार्यक्रम संचालन गरिनुपर्दछ । शीर्षक अनुसारको वजेटमा प्रयाप्त ध्यान दिएको देखिएन।	
१७.	**मौजुदा सूची तयारः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६(क) बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६) दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले त्यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य विशिष्टीकरणको आधारमा खरिद प्रक्रिया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरीय सेवा प्रवाह नहुने देखिन्छ । तसर्थ कानूनको पालनामा कार्यालयले ध्यान दिनु पर्दछ ।	
१८.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।आन्तरिक लेखा परीक्षणको लागि पाँचौ तहको दरबन्दीको कर्मचारी हाजिर भएता पनि यस स्थानीय तहले आन्तरीक लेखापरीक्षण शाखा गठन नगरी पालिकाको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण को.ले.नि.का. बाट गराएको देखिन्छ। तसर्थ कानुनमा तोकिए बमोजिम शाखा गठन गरी आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
	आन्तरिक लेखापरिक्षण प्रतिवेदन	
१९.	आर्थिक कार्यविधि नियमावाली २०६४ को नियम ९६ बमोजिम कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरिक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था भएकोमा पालिकाले निम्नानुसार आन्तरिक लेखापरीक्षण बाट औल्याएको बेरुजू अन्तिम लेखापरिक्षण अवधि सम्म फर्छ्यौट गरेको नदेखिएकोले फर्छ्यौट हुनुपर्ने रु.	२६००१८२

गो.भौ.न. मिति	देखिएको व्यहोरा	रकम
५२-०७६।९।१६	वडा सचिव साधो मिश्र लाई संचार महशुल वापतको रकम भुक्तानी गर्दा अधिकारीक बिल पेश हुन नआएको रकम रु.	५०००
५४-०७६।०९।१३	ह.स.चा.भरत मंडललाई संचार महशुल वापतको रकम भुक्तानी गर्दा अधिकारिक विल पेश हुन नआएको रु.	५०००
७०-०७६।१०।०६	श्री नारायण हरि मा.वि.सिसौटियाको दिवा खाजा कार्यक्रम वापतको रकम पश्की फर्छ्यौट गर्दा कटा हुनु पर्ने अग्रिम आयकर कटा नभएको रु.	१४१०७
७१-०७६।१०।०७	श्री नारायण हरि मा.वि.सिसौटियाको प्रयोगशाला निर्माण वापतको रकम पेश्की फर्छ्यौट गर्दा कटा हुनु पर्ने अग्रिम आयकर कटा नभएको रकम रु.	९७५०
९३-०७६।१०।१४	सर्लाही अपडेटलाई दरभाउ पात्र प्रकाशन गरे वापत विल भुक्तानी गरेकोमा भ्याट बाहेको रकम कम्तिमा १० प्रतिशत छुट मागनुपर्ने रहेकोमा छुट नभएको रकम रु.	६५००
९८-०७६।१०।१५	वडा अध्यक्ष विजय प्रसादलाई संचार महशुल वापतको रकम भुक्तानी गर्दा अधिकारिका विल पेश हुन नआएको रकम रु	७०००
१२५-०७६।१०।२३	वडा अध्यक्ष परमेशवर चौधरी ,गोरी शंकर राउत र सोमा देवी लाई	३३५००

			संचार महशुल वापतको रकम भुक्तानी गर्दा अधिकारीक विल पेश हुन नआएको रु.		
		१४३-०७६।१०।०८	शिक्षा संयोजक राजकिशोर रायलाई दैनिक भ्रमण भत्ता वापतको रकम भुक्तानी गर्दा प्रमाण बेगर भुक्तानी गरेको रु.	८४००	
		१४८-०७६।११।१५	वडा अध्यक्ष शिव कुमार राउतलाई संचार महशुल वापतको रकम भुक्तानी गर्दा अधिकारिक विल पेश हुन नआएको रु.	१०५००	
		२२३-०७६।११।२३	सामाजिक समुदायिक प्रा.वि.जयपुर-६ सर्लाही को दिवा खाजा कार्यक्रम वापतको रकमको पेश्की फर्छ्यौट गर्दा कर कटा हुनु पर्ने कट्टि नभएको रकम रु.	३७५०	
		२५६-०७६।१२।०६	ह.स.चा.भरत मण्डलको मर्मत सम्भार वापतको पेश्की फर्छ्यौट गर्दा कर कट्टा हुनु पर्ने कट्टि नभएको रु.	१०६२	
		२९१-०७७।०१।१५	नथुनी विजय प्रा.वि.को सर्लाहीको दिवा खाजा कार्यक्रम वापतको रकम पेश्की फर्छ्यौट गर्दा कर कटा हुनुपर्ने कटि नभएको रकम रु.	३०००	
		३१७-०७७।०२।११	लक्ष्मी श्रेष्ठले महाविर ट्रेडर्स मार्फत न्यानो झोला खरिद गरी वितरण गरेकोमा वितरण गरेको भर्पाई पेश हुन नआएको रकम रु.	४६३८६५	
		३३०-०७७।०२।१३	वडा अध्यक्ष नागेश्वर राय लाई संचार महशुल वापतको रकम भुक्तानी दिइएकोमा अधिकारीक विल पेश हुन नआएको रकम रु.	४५००	
		३५६-०७७।०३।०१	वडा सचिव साधो मिश्र लाई संचार महशुल वापतको रकम भुक्तानी दिइएकोमा अधिकारीक विल पेश हुन नआएको रकम रु.	६०००	
		३८०-०७७।०३।०८	राष्ट्रिय लोकतन्त्र दैनिक लाई दरभाउ पत्र प्रकाशन गरे वापत विल भक्तानी गरेकोमा भ्याट बाहेको रकम कम्तिमा १० प्रतिशत छुट नभएको रु.	४२००	
		३९३-०७७।०३।०८	सरस्वती कुशवाहा सा.आधारभुत विद्यालयको दिवा खाजा कार्यक्रम वापतको रकम पेश्की फर्छ्यौट गर्दा कटा हुनुपर्ने कर कटी नभएको रकम रु.	१९००८	
		४०९-०७७।०३।१६	अबधसिया आधारभुत विद्यालयको दिवा खाजा कार्यक्रम वापतको रकम पेश्की फर्छ्यौट गर्दा कर कटा हुनुपर्ने कटी नभएको रकम रु.	२७००	
		४४३-०७७।०३।२४	ओम प्रकाश मिश्रलाई विविध खर्च वापतको रकम भुक्तानी दिइएकोमा आधिकारिक बिल पेश हुन नआएको रकम रु.	१६७९०६	
		४४४-०७७।०३।२४	राष्ट्रिय लोकतन्त्र दैनिकलाई दरभाउ पत्र प्रकाशन गरे वापत बिल भुक्तानी गरेकोमा भ्याट बाहेको रकम कम्तिमा १० प्रतिशत छुट माग्नुपर्ने रहेकोमा छुट नभएको रकम रु.	९२००	
		४८१-०७७।०३।२६	वडा अध्यक्ष पारस मिश्रलाई संचार महशुल वापतको रकम भुक्तानी दिइएकोमा आधिकारिक बिल पेश हुन नआएको रकम रु.	१२०००	
		५२६-०७७।०३।३०	भगवती प्रा.वि. को दिवा खाजा कार्यक्रम वापतको रकम पेश्की फर्छ्यौट गर्दा कर कटा हुनुपर्ने कटि नभएको रकम रु.	२२५०	
		५२७-०७७।०३।३०	सि.अ.हे.व.गोविन्द झाको पेश्की फर्छ्यौट गर्दा कटा हुनुपर्ने कर कटी नभएको रकम रु.	१६२००	
		५२८-०७७।०३।३०	सि.अ.हे.व.पारसनाथ प्रसाद साहको पेश्की फर्छ्यौट गर्दा कटा हुनुपर्ने कर कटी नभएको रकम रु.	१६२००	
		५७९-०७७।०३।३०	विभिन्न कर्मचारी तथा पदाधिकारीहरुलाई संचार महशुल वापतको रकम भुक्तानी दिइएकोमा आधिकारिक बिल पेश हुन नआएको रकम रु.	१८०००	

	५८०-०७७।०३।३१	क्वारेनटाइन अनुगमन निरिक्षण गरे वापत भत्ता भुझिलिनेको दस्तख्त नरहेकोले उक्त दाखिला हुनुपर्ने रकम रु.	२५५००	
	५८१-०७७।०३।३१	क्वारेन्टाइनमा ड्युटी गरे वापत भुक्तानी दिइएकोमा कर कटा हुनुपर्ने कटि नभएको रकम रु.	११०२०	
	५९५-०७७।०३।३१	फेकन रायलाई संचार महशुल वापतको रकम भुक्तानी दिइएकोमा आधिकारिक बिल पेश हुन नआएको रकम रु.	१२५००	
	६४०-०७७।०३।३१	क्वारेनटाइनमा ड्युटी गरे वापत भुक्तानी दिइएकोमा कर कटा हुनुपर्ने कटी नभएको रकम रु.	१४९६०	
		सामाजिक सुरक्षा भत्ता तर्फ वालबालिकाको लागी पेश्की गएको रकम संचित कोषमा दाखिला भएको रकम बेरुजु खातामा दाखिला हुनुपर्ने रु.	५७४००	
	११	वडा नं ८ को वडा सचिव रतनेश कुमार पंडितको गत आ.व. २०७५।०७६ को पेश्की ४६४०० लेखाङकन भएकोमा उक्त अवधिको भरपाई १७२०० मात्र भएकोमा बाँकी हुन आउने रकम असुल भई बेरुजु दाखिला हुनु पर्ने रु.	२९२००	
	९-०७७।०३।२१	संचार सम्बन्धि सामाग्रिको दाखिला विना भुक्तानी भएको रकम रु.	२५४००	
	१८-०७६।०१।०९	वडा नं ३ को सचिव पुरुषोत्तम रायलाई कायदिश नदिइ काम भएको देखिन्छ साथै डोर हाजिरीमा ज्यामीहरु कुन मिती देखी कुन मिती सम्म काम गरेको हो सो उल्लेख नभएको रकम रु.	७८४३०३	
	५९-०७६।१२।०९	साछि बारी इन्टरनेशनल प्रा.लि.लाई खरिद आदेश र दाखिला विना भुक्तानी भएको रकम रु.	५०८५०	
	७-०७७।०३।०४	बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत घ्यु खरिद भएको वितरण भरपाई संलगन रहेको नदेखिएको रकम रु.	२९९६७६	
	९-०७७।०३।२६	बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत तरकारीको मिनी किट मिती २०७७।०२।२१ मा खरिद भएको तर वितरण सो मिती भन्दा आगाडी नै २०७६ चैत्रमा भएको हुदाँ खरिद गरेको आधार नरहेको रकम रु.	१५००००	
	२-०७६।११।१८	गरिब संग विशेश्वर कार्यक्रम अन्तर्गत श्री लक्ष्मी जेनरल सप्लायर्सको बिलमा सही नभएको उक्त बिलको दाखिला समेत नभई सा.प.अवधेश कुमार यादव लाई भुक्तानी भएको रकम रु.	४००००	
	४-०७७।०३।२८	गरिब संग विशेश्वर कार्यक्रम अन्तर्गत कार्यक्रम खर्च वापत भएको सामाग्रिको खरिदको दाखिला हस्तान्तरण प्रमाण कर कटी समेत नरहेको रकम रु.	२४९७७५	
		जम्मा	२६००१८२	

२०.	**कर कट्टी दाखिला नभएको:** आयकर ऐन २०५८ वमोजिम कार्यालयले भुक्तानीमा कट्टी गरेको कर रकम कट्टी गरेको महिनाको आर्को महिनाको २५ गते भित्र सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाले चालु तर्फ रु.२०९०३६२।३६ र पूँजिगत तर्फ रु.१४४६३७९। गरी रु.३५३६७४१।३६ अग्रीम कट्टी कर दखिला गर्न बाँकी देखिएकोमा लेखापरीक्षण अवधि सम्म आर्थिकि वर्ष २०७७/७८ मा रु.३१६१८७७।मात्र राजश्व दाखिला गरेको भौचर प्रमाण पेश भएकोले दाखिला गर्न बाँकी रु.३७४८६४। राजश्व दाखिला गर्नु पर्ने रु.	३७४८६४
२१.	**वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा	

	कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐनमा व्यवस्था भए बमोजिम आर्थिक बर्ष २०७६।७७ को आय व्ययको विवरण २०७६।३।१० मा पेश गरी सभावाट २०७६।३।२५ स्वीकृत भएको देखियो । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण एकैसाथ पेश गर्नु पर्नेमा गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान बजेट साथ पेश गरेको छैन । कानुनले तोकेको ढाँचामा आय र ब्ययको अनुमान पेश गरी पारीत गर्ने व्यवस्थालाई कार्यान्वयन गर्नुपर्दछ ।	
२२.	**मध्यकालीन खर्च संरचना** ःअन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले आर्थिक वर्षमा आ–आफनो कार्यक्षेत्र भित्रका बिषयहरुमा सार्वजनिक खर्चको अनुमानित बिवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउन यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन। सीमित श्रोत साधन लाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रबाह गर्न, लोकप्रियताकालागि वितरणमूखी र बजेट छर्ने प्रबृत्तिमा नियन्त्रण गर्न र योजनाको लाभ लागत बिश्लेषण गरी प्रभावकारी बनाउन मध्यकालीन खर्च सँरचनालाई कार्यन्वयन गर्ने ध्यान दिनु पर्दछ ।	
२३.	**खरिद योजनाः**सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८ मा बार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तथा १० करोड भन्दा बढीको खरिद गुरु योजना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बार्षिक खरिद योजना तयार नगरी यस वर्ष निर्माण कार्यमा खर्च लेखेको छ।ऐन नियम बमोजिम खरिदको वार्षिक तथा गुरु योजना तयार गरी कार्यान्वयन गर्नु पर्दछ ।	
२४.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्येक बर्ष आषाढ १० भित्र बजेट पेश गर्नुपर्नेमा यस पालिकाले असार २७ गते पेश गरी असार २९ गते सभावाट पाश गरेको छ । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भएको छैन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीयसरकारसंचालनऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।	

- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन
- कार्यालयले जिन्सी मौज्दातको बिबरण तयार गरी जिन्सी निरिक्षण तथा प्रतिबेदन तयार गर्नुपर्नेमा नगरेकोले पालिकाले बिगत बर्ष र यस बर्ष खरिद गरेका जिन्सी मालसामानको अबस्थाको बारेमा बिस्वस्थ हुने आधार भएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने ब्यबस्थाको पालना तथा करदाताको कट्टी भएको अग्रीम करको इ टीडिएस समेत गरेको पाइएन ।।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवालासहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा कुनै पनि योजनाको सार्बजनिक परिक्षण नभएको र सार्बजनिक

	परिक्षणको नमुना फाराम भुक्तानीको कागजातमा संलग्न गरेतापनि समितिका सदस्यले मात्र दस्तखत गरी भर्नुपर्ने बिबरण अधिकांस नभरी खाली राखेको देखियो ।जसबाट बास्तबिकता एकिन गर्न सकिएन । • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म निर्माण गरेको ऐन, ३ नियमावली, २ कार्यविधि निर्देशिका कानुन एवं कार्यविधिको विवरण माग गरेकोमा पेश भएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
२५.	**जिन्सी अभिलेखः** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले आर्थिक बर्षमा कम्तिमा एक पटक जिन्सी निरिक्षण गरी गराइ प्रतिबेदन लिइ प्रतिबेदनमा औंल्याएका ब्यहोरा उपर कारबाही गरी जिन्सी स्रेस्ता अध्यावधिक गरी राख्नु पर्नेमा सो अनुसार प्रतिवेदनमा औंल्याईएको व्यहोरो कार्यान्वयन गरेको पाईएन । नगरपालिकाको स्वामित्वमा रहेको भवन , जग्गा , सवारी साधन , कम्पयूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना ,दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न प्रतिवेदन औंल्याईएको व्यहोरा कार्यान्वयन गरेको पाइएन । जिन्सी अभिलेख अद्यावधिक गरी पेश गर्नु पर्दछ ।	
२६.	**पदाधिकारी सुविधा** -स्थानीयतहका पदाधिकारी तथा सदस्यको सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची २ वमोजिम पद तथा गोपनियताको सपथ लिई आफ्नो पदको काम कार्वाही सुरु गरेको मितिबाट मासिक सुविधा वापतपाउने व्यवस्था गरेकोमा सामानित सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गतेबाट लागु हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार प्रदेश नं.२ सरकारले पदाधिकारी सुविधा ऐन २०७५ को अनुसूची-१ मा उल्लेख भएको सुविधा मात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सुविधा पाउने देखिँदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा यस वर्ष ३ महिनाको रु. २४ लाख खर्च लेखेको देखिन्छ।	
२७.	**एउटामात्र सुविधा पाउने** - प्रदेश नं २ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ ।पालिकाका पदाधिकारीहरुबाट यस प्रकारको सुविधा लिए नलिएको स्वघोषणा संलग्न गरेको पाईएन ।	
२८.	**इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत	

	मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन (पदाधिकारी) रु.१५ लाख, इन्धन कार्यालय प्रयोजन रु.१०४२०००। समेत रु.२५४२०००। इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ	
२९.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले क्यान्सर, बिरामी, हाबाहुरी ,गरीब, विभिन्न पूजा, पर्व प्रयोजनको लागि यो वर्ष नगर प्रमुखको आदेशले रु.३०००। देखि रु.५००००।सम्म गरी रु.५०००००। आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
३०.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयबाट विवरण पेश भएन।	
३१.	**सम्झौता अनुसार कार्य नभएको** - उपभोक्ता समितिसाग निर्माण कार्यको सम्झोता गर्दा एक आर्थिक वर्ष भित्र समपन्न हुने गरी गर्नुपर्दछ । तर पालिका र उपभोक्ता समिति बीच कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष अधिकांश योजना सम्पन्न भएको देखिएन । सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको हुनुका साथै आ.व.२०७७।७८ मा उक्त योजनामा योजनगत बजेट विनियोजन नगरी बिल भर्पाइ नआएकोमा पुराना योजनाको भुक्तानी दिन बाकी भनी एकमुष्ट रकम अबन्डा राखी रु.५ करोड ७१ लाखका योजना नै भुक्तानी बाकीमा सारेको देखियो । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने र आर्थिक बर्ष भित्र बिल भरपाइ आएमा मात्र भुक्तानी बाकीको बिबरण तयार गर्नुपर्ने देखिन्छ ।	
३२.	**बेरुजु अभिलेखः** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको अभिलेख तयार गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको देखिएन । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयारगरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।	
३३.	सवारी साधन मर्मत गर्नु पर्नेमा लागत अनुमान, मर्मत आदेशका आधारमा मर्मत अभिलेख म.ले.प.फा. नं.२ मा अभिलेख राखी फेरिएको सामान स्टोर दाखिला गरेर मात्र खर्च भुक्तानी गर्नु पर्दछ । पालिकाले मर्मत अभिलेख खाता राखेको छैन ।पालिकाले लागत अनुमान र मरमत अभिलेख बेगर यस बर्ष सबारी साधन मर्मतमा .खर्च गरेको छ ।	
३४.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विबाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी र यो बर्ष थप विवाद दर्ता कति भए र कति फछ्यौंट भई कति बाँकी रहे सोको विवरण माग गरेकोमा पेश भएन । उजरी र्दता र फछ्यौंटको लगत राखी न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	

३५.	**सामाजिक परीक्षण** - पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाइ योजना सम्पन्न भएका र पेश भएका कागजातमा पालना गरेको देखिएन । योजनाको सार्वजनिक परीक्षण तथा भौतिक र वित्तिय प्रतिबेदन सम्बन्धी ढाँचामा कुनै बिबरण नभरी केबल फरम्याट राखि समितिका पदाधिकारीले दस्तखत गरी राखी कार्यान्वयनमा नल्याएको अवस्थाले योजनामा सार्वजनिक परीक्षण अवलम्वन गरेको पाइएन । केही ठूला योजनाहरूमा छनौटबाट सामाजिक परीक्षणको व्यवस्था समेत अवलम्वन गर्नुपर्नेमा बाह्य निकायबाट सो प्रक्रिया पनि यो वर्ष कार्यान्वयन भएको देखिएन । पालिकाबाट संचालित सबै पँुजीगत एवं चालु योजनामा निर्देशिकाले तोके बमोजिम सबै बिबरण भरी तोकेको ढाँचा अनुरुप सार्वजनिक परिक्षण गराउन विशेष ध्यानाकर्षण गरिएको छ ।	
३६.	**कर्मचारी प्रोत्साहन भत्ता** -स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधासम्बन्धि अन्य व्यवस्था स्थानीयतहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।स्थानीयतहले कानून नबनाई यो बर्ष चौथो नगरसभाको निर्णयले ७२ जना सबै स्थानीय कर्मचारीलाइ २० देखि २५ प्रतिशतका दरले बार्षिक रु.३०३३१४५।प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	३०३३१४५
३७.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानुनको ब्यबस्था अनुसार कल्याण कोषको ब्यबस्था गरी उक्त कोषमा मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ।यस वर्ष पालिकाले एकिकृत आ.वि.मा कर्मचारी कल्याण कोष खातामा नगरपालिकाबाट रु.६८८०९४।३५ ट्रान्सफर गरी आम्दानी र मौज्दात देखाएको छ ।उक्त कोषको विगत वर्षको जिम्मेवारी आम्दानी खर्च र मौज्दातको आर्थिक विवरण र खर्चको श्रेस्ता लेखापरीक्षणमा पेश नभएकोले उक्त खर्चको श्रेस्ता पेश गरी लेखापरीक्षण गराउनु पर्दछ ।	
३८.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण नगरी प्लम्बर,सब इन्जिनियर,, कार्यलय सहयोगी, ह.स.चा., मेस्तर, नगर प्रहरी, कानूनी सल्लाहकार गरी १९ जना करारमा राखी रु.५७ लाख ८४ हजार खर्च लेखेको छ ।	
	नगरपालिका पूँजिगत तर्फ	
३९.	**वितरणमुखी कार्यक्रमः**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भरपाई सहितको लेखा राख्नु पर्ने, भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नु पर्ने, तथा नियम ४३ मा व्यक्ति वा वर्गलाई फाईदा हुने गरी निकासा दिन नहुने व्यवस्था छ । त्यसै गरी पुँजिगत वजेटबाट खर्च गर्दा पूँजि निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । पालिकाले निम्नानुसारको भुक्तानी गर्दा विल भरपाई संलग्न नरहेको, रित नपुगेको, तथा लक्षित समूह तथा संस्थाहरुलाई भुक्तानी गर्दा पूजि निर्माण हुने गरी नगरेको देखिएकोले यस्तो खर्च नियमित नदेखिएकोले विल भरपाई तथा प्रमाण कागजात पेश गरी नियमित गर्नु पर्ने रु.	१०००००

गो.भौ.नं	खर्च विवरण	भुक्तानी पाउने	भुक्तानी रकम	कैफियत

	२।०७६।६।१६	बालवालिका लागि खेलकुद सामाग्री वितरण	वडा नं. ९ वडा सचिव राम एकवाल राय	१०००००	खेल सामाग्री र पोशाक खरिद विल संलग्न भएकोमा वितरण भरपाई नभएको, लक्षित समूह किटान नभएको, गत आ.व. २०७५।७६ को विल संलग्न	

४०. **निर्माण सामाग्रीमा मूल्य अभिवृद्धि करः** सार्वजनिक खरिदनियमावली २०६४ को नयम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर कट्टी गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिबाट हुने कार्यमा निर्माण कार्यमा प्रयोग हुने सिमेन्ट रड र ईट्टामा मूल्य अभिवृद्धि कर जोडी लागत अनुमान तयार गरी सोही वमोजिम संझौता गरेकोमा कार्यमूल्यांकन पश्चात मूल्यांकन भएको परिमाणमा खपत भएको निर्माण सामाग्रीमा समावेश भएको मूल्य अभिवृद्धि कर भन्दा घटी रकमको मूल्य अभिवृद्धि कर तिरेको कर विजक पेश हुँदा समेत मूल्यांकन अनुसारको पुरै रकम भुक्तानी दिएको देखिएकोले उपभोक्ताले वास्तविक तिरेको भन्दा बढी भुक्तानी भएको भूल्य अभिवृद्धि कर रकम असुल गर्नु पर्ने रु. ११७८२२२

गो.भा.नं.	उपभोक्ता समितिको नाम	कार्य विवरण	निर्माण सामाग्री खपतमा समावेश भएको मूल्य अभिवृद्धि कर	कर विजक अनुसार उ.सले तिरेको मू.अ.कर	बढी भुक्तानी मू.अ.कर
२	बजार सटर निर्माण वडा नं.८	आर.सि.सि.१:२:४ ३१.२४ घ.मि ब्रिक सोलिङ्ग १२२.५५ व.मि. १.१.५.३ को ३७.०४ व.मि. डण्डी ३३७३ के.जि. १.४ मेसिनरी ५०.८२ घ.मि.	१५७७०८	१४६०८८	११६२०
५	सरस्वती मन्दिर नि.उ.स.-८	१.१.५.३ को १०.७४ व.मि. डण्डी १०७७ के.जि. १.४ मेसिनरी ३.८९ घ.मि.	२५९५७	२२७६२	३१९५
८	अधुरो नवयुवक प्रा.लि.	आर.सि.सि.१:२:४ १६.१६ घ.मि ब्रिक सोलिङ्ग ३६.३७ व.मि. डण्डी १३९८ के.जि. १.४ मेसिनरी ५४.६१ घ.मि. प्लास्टर३२२.६० व.मि.	९३३९५	४७९४४	४५४५१
१९५	रामवन स्वास्थ्य चौकी नि.	आर.सि.सि.१:२:४ ७२ घ.मि ब्रिक सोलिङ्ग ४४ व.मि. डण्डी ७३ के.जि.			

		१.४ मेसिनरी६२३.९३ घ.मि. प्लास्टर १७.६८ व.मि. १.३.६ को ४.४२ घ.मि.	८१५७३	२५९३५	५५६३८
१८९	जानकीनगर टोलमा रामईश्वर राउतको घर देखि विगु महतोको घरसम्म सडक ढलान	ब्रिक सोलिङ्ग ३८१.२० व.मि. १.१.५.३ को ७१.८५ व.मि. डण्डी ३११६ के.जि.	१०४९०१	७८४०३	२६४९८
१३२	बिश्रेश्वर रामको घरदेखि राजनारायण महराको घर सम्म ढलान	आर.सि.सि.१:२:४ ४९ घ.मि ब्रिक सोलिङ्ग २४३ व.मि.	५१३०२	४१९७७	९३२५
१३६	महाविर स्थान सामूहिक भवन निर्माण वाड नं१०	१.१.५.३ को १२.७६ व.मि. डण्डी ९७७.४४ के.जि. १.४ मेसिनरी २०.८९ घ.मि.	४५४१३	३७४४०	७९७३
१४०	सार्वजनिक जग्गामा घेरावार बकैया-९	ब्रिक सोलिङ्ग ३७.५१ व.मि. डण्डी २९३ के.जि. १.४ मेसिनरी १३.६९ घ.मि. १.३.६ को २.८१ घ.मि. १.१.५.३ को २.८२ व.मि.	२३७७९	२१८८१	१८९८
१४१	सिताई साहको घर नजिक पूल ढलान	ब्रिक सोलिङ्ग११ व.मि. डण्डी ६७३ के.जि. १.४ मेसिनरी ६.९९ घ.मि. १.३.६ को २.६४ घ.मि. आर.सि.सि.१:२:४ ७.४० घ.मि प्लास्टर ४१.७५ व.मि.	२३००४	-	२३००४
१४४	खोवारीको घर देखि सिमाना सम्म ढलान	ब्रिक सोलिङ्ग२८०६ व.मि. डण्डी ११५३.५ के.जि. १.१.५.३ को ५६.१२ व.मि.	८२२००	५८०१५	२४१८५
१४८	शंकर ठाकुरको घरदेखि मूल सडकसम्म ढलान	ब्रिक सोलिङ्ग ११७.२१ व.मि. डण्डी ४९३.५५ के.जि. १.१.५.३ को २२.४३ व.मि.	३३५४३	२४९४५	८५९८
१४९	पक्की नाला निर्माण वडा नं.९	ब्रिक सोलिङ्ग ७२ व.मि. १.४ मेसिनरी ११.२०			

			घ.मि. १.३.६ को ७.१६ घ.मि.	२०५५०	१६५४९	४००१	
	१५२	भुटन ठाकुरको घर देखि ठगा वैठाको घर सम्म	ब्रिक सोलिङ्ग २७४.५४ व.मि. डण्डी११२८ के.जि. १.१.५.३ को ५६.३० व.मि.	८१६८५	५६३५९	२५३२६	
	१५३	ठगा बैठाको घर देखि हुलाकी सडक सम्म ढलान	ब्रिक सोलिङ्ग २९९.७८ व.मि. डण्डी १०५०के.जि. १.१.५.३ को ५२.७४व.मि.	७९२३६	५६३५९	२२८७७	
	२०७	रामजानकी मठ मन्दिर निर्माण-८	आर.सि.सि.१ः२ः४ ३९.४९ घ.मि डण्डी १५३०.१८ के.जि. ब्रिक सोलिङ्ग ३९.४९ व.मि. १.४ मेसिनरी ११.१६ घ.मि.	४५२२२	३७०२७	८१९५	
	२०९	माधोपुर सडक ढलान-११	ब्रिक सोलिङ्ग ३११.२० व.मि. डण्डी १२६८.९७ के.जि. १.१.५.३ को ६२.२४ व.मि.	९१०४९	७७८०५	१३२४४	
	२१०	नासी चौक गेट निर्माण-६	आर.सि.सि.१ः२ः४ ८.७५ घ.मि डण्डी ४०४.७३ के.जि. ब्रिक सोलिङ्ग१३.०१ व.मि. १.४ मेसिनरी १.४४ घ.मि.	१३२७९	९७२८	३५५१	
	१९९	विज मोहन राउतको घर देखि वजेन्द्रको घर सम्म सडक ढलान	डण्डी १८९८ के.जि. ब्रिक सोलिङ्ग ४४६.४० व.मि. १.१.५.३ को ९२.१६ व.मि.	१३४०८६	१०४२११	२९८७५	
	२०१	प्रा.वि. रोहुवा निर्माण वडा नं.४	आर.सि.सि.१ः२ः४ १०.१० घ.मि ब्रिक सोलिङ्ग३५.६० व.मि. डण्डी ११९८.८९ के.जि. १.४ मेसिनरी १४.६९ घ.मि. प्लास्टर३७०.८ व.मि. १.३.६ को ३.६५ घ.मि.	४५१५१	४०५७५	४५७६	

	८९	छपकैया भगवती मंदिर निर्माण	आर.सि.सि.१:२:४ ३१.८१ घ.मि ब्रिक सोलिङ्ग ५५ व.मि. डण्डी १४८८ के.जि. १.४ मेसिनरी २२ घ.मि.	६७५२६	५३८३४	१३६६२	
	९१	सर्वनारायण घर देखि गा.वि.स. भवन सम्म ढलान	डण्डी १७१२ के.जि. ब्रिक सोलिङ्ग ४१९ व.मि. १.१.५.३ को ८३.८० व.मि.	१२२६२९	८२१७३	४०४५६	
	९२	सिताई मठ भवन निर्माण	आर.सि.सि.१:२:४ ९.१५ घ.मि ब्रिक सोलिङ्ग ११४.३८ व.मि. प्लास्टर४९९.५४ व.मि.	१९८३१	१५९९०	३८४१	
	९४	दशै पंडितको घर देखि राजेन्द्र पंडितको घर सम्म	डण्डी १९९२के.जि. ब्रिक सोलिङ्ग ४८८ व.मि. १.१.५.३ को ९७.६०.मि.	१४२८४९	१२०९६४	२१८६५	
	९५	जयपुरमा जलधारी विनको घर देखि पश्चिम सडक	डण्डी २६१८ के.जि. ब्रिक सोलिङ्ग६४३.१० व.मि. १.१.५.३ को १२८.६२ घ.मि.	१८८१७३	१३३३०२	५४८७१	
	९६	जानकी नगर गाउ भित्रको सडक ढलान	डण्डी १६५४ के.जि. ब्रिक सोलिङ्ग३८९ व.मि. १.१.५.३ को ८१.०३ घ.मि.	११७५४०	८२३६७	३५१७३	
	९७	उमेश महतोको घर देखि हरिन्द्र महतोको घर सम्म ढलान	डण्डी ११९६ के.जि. ब्रिक सोलिङ्ग ३०५ व.मि. १.१.५.३ को ६१ घ.मि.	८८७४०	६६०८८	२२६५२	
	९८	एच.डि.पि.ई. पाईप जडान	३१८५। मू.अ.कर	३१८५	-	३१८५	
	१०५	जुगल दास घर देखि रामेश्वर घरसम्म ढलान	डण्डी १६८७ के.जि. ब्रिक सोलिङ्ग ४३४.४९ व.मि. १.१.५.३ को ८५.७३ घ.मि.	१२५१६६	८८३८४	३६७८२	
	११०	सोनेलालको घर देखि वनोदको घर सम्म	डण्डी १६३२ के.जि. ब्रिक सोलिङ्ग ४०० व.मि. १.१.५.३ को ८४ घ.मि.	१२०७२२	१०४३६४	१६३५८	
	११२	अधुरो गा.वि.स. भवन नर्माण	आर.सि.सि.१:२:४ २८.४८ घ.मि डण्डी २४९१ के.जि. १.४ मेसिनरी ७.९७	५७०३४	५०१९३	६८४१	

			घ.मि.				
	११३	अशोक सिंहको घर देखि विद्यालयसम्म-३	डण्डी १७९९ के.जि. ब्रिक सोलिङ्ग ४४५ व.मि. १.१.५.३ को ८९ घ.मि.	१३००७०	९२९१७	३७१५३	
	११४	रोड देखि विरेन्द्र चौधरी घर सम्म	ब्रिक सोलिङ्ग २३९ व.मि.	२७९६३	१९८९०	८०७३	
	११५	शिव हजारीको घर देखि चुलाई मंसुरको घरसम्म	डण्डी ४९२७ के.जि. ब्रिक सोलिङ्ग १००५.७१ व.मि. १.१.५.३को२२१ घ.मि.	३३०५४७	२२३३३०	१०७२१७	
	११६	वजार शहर निर्माण	आर.सि.सि.१:२:४ ४०.९३ घ.मि ब्रिक सोलिङ्ग १२७.१६ व.मि. डण्डी ३२३१के.जि. १.४ मेसिनरी ३१.७८ घ.मि. प्लास्टर १७४.२० व.मि. १.३.६ को २.६९ घ.मि.	११२१६२	७२७७९	३९३८३	
	११८	नवल रायको घर देखि ब्रम्ह स्थान सम्म	डण्डी १६०६ के.जि. ब्रिक सोलिङ्ग ९९३.६० व.मि. १.१.५.३ को ७८.७२ घ.मि.	१५४५४८	९३३७२	६११७६	
	८७	तेज नारायण घर देखि वगाराई घर सम्म ढलान	डण्डी १४१५ के.जि. ब्रिक सोलिङ्ग ३५० व.मि. १.१.५.३ को ७० घ.मि.	१०२३०२	७८८९७	२३४०५	
	७१	रतिकान्त ठाकुर घर देखि महेश ठाकुर घर सम्म ढलान	डण्डी ११८६ के.जि. ब्रिक सोलिङ्ग २८२ व.मि. १.१.५.३ को ५७ घ.मि.	८३४८०	७२७३९	१०७४१	
	६९	सुकदेव रायको घर देखि राजदेव सहनीको घर सम्म-९	डण्डी ४२०१ के.जि. ब्रिक सोलिङ्ग१०२८ व.मि. १.१.५.३ को २०५.६१ घ.मि.	३००९८३	२१०९६७	९००१६	
	५८	देव कुमारीको घर देखि मुस्लिम टोलसम्म	डण्डी ३५१३ के.जि. ब्रिक सोलिङ्ग८२६.१५ व.मि. १.१.५.३ को १६६.४८ घ.मि.	२४४५२६	१६४२६८	८०२५८	
	५७	रामपुकारको घर देखि हुलाकी सडक सम्म ढलान	डण्डी २४०८ के.जि. ब्रिक सोलिङ्ग ५६५.९४ व.मि. १.१.५.३ को ११३.१९ घ.मि.	१६६७४६	११९११२	४७६३४	

१५	मुकेश ठाकुरको घर देखि रामभरोस ठाकुर घरसम्म	डण्डी ११८३ के.जि. ब्रिक सोलिङ्ग २१२.१२ व.मि. आर.सि.सि.१:२:४ ४४.५४ घ.मि	५९४१६	४९४२६	९९९०
३१	प्रा.वि.वकैनिया भवन निर्माण ०७५।७६	आर.सि.सि.१:२:४ १९.६९ घ.मि १.३.६ को २.७९ घ.मि. डण्डी २५४४के.जि. १.४ मेसिनरी १२.२१ घ.मि. १.६ को २२.०२ घ.मि.	६९३६१	१९०७७	५०२८४
३२	रामजानकी मठ मन्दिर ०७५।७६	आर.सि.सि.१:२:४ ९.८४ घ.मि डण्डी ४०२के.जि. प्लास्टर ३१४ व.मि.	१११७८	१८०१	९३७७
१७	भिखारी ठाकुरको घर देखि राजकिशोर घर सम्म ढलान	आर.सि.सि.१:२:४ २७.३८ घ.मि डण्डी ५५७ के.जि. ब्रिक सोलिङ्ग १३८ व.मि.	३५१४२	२७६२१	७५२१
२३	स्वास्थ्य चौकी नजिकको पूल कल्भर्ट निर्माण-८	आर.सि.सि.१:२:४ ६.२७ घ.मि डण्डी २०७९के.जि. ब्रिकसोलिङ्ग९७.४७ व.मि. १.४मेसिनरी७३.७२घ.मि. प्लास्टर ७६ व.मि.	१२९४१०	१२११३२	८२७८
जम्मा					११७८२२२

४१. **उपभोक्ता समितिको म्याद थप र कार्यः**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले कार्य सम्पन्न गर्नु पर्ने अवधि संझौतामा उल्लेख गर्नु पर्ने व्यवस्था छ । तोकिएको समयमा कार्य सम्पन्न नभएमा म्याद थप गर्ने व्यवस्था नियमावलीमा देखिदैन । पालिकाले निम्नानुसारका उपभोक्ता समितिसंग भएको संझौतामा तोकिएको अवधीभित्र कार्य सम्पन्न नभएकोमा म्याद सकिनु अघि नै उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्नुको कारण सहितको म्याद थपको निवेदन नलिई गत आर्थिक वर्ष समाप्त भएपछि यस आर्थिक वर्षमा भुक्तानीको समयमा मात्र निवेदन लिई म्याद थप तथा भुक्तानी गरेको नियमित नदेखिएको रु. ४२६००००

योजनाको नाम	संझौता मिति	सम्पन्न गर्नु पर्ने म्याद	म्याद थप र भुक्तानी	संझौता रकम	यस वर्ष भुक्तानी	अवधि
वजार सटर निर्माण वडा नं.८	२०७६।२।१४	२०७६।३।२०	२०७६।७।१८	४८७५०००	२००००००	
सरस्वती मन्दिर निर्माण वडा नं ८	२०७६।२।१४	२०७६।३।१०	२०७६।८।३०	३२२७४२	२९२५००	
धर्मशाला निर्माण भगवतीपुर	२०७६।३।१९	२०७६।३।२०	२०७६।९।४	३३११३६	२९२५००	
सर्फ वनाउने तालिम ५ दिने, समाज कल्याण	२०७६।३।१९	असार मसान्त	२०७७।३।३१	२००००	२०००००	०७७ असारमा संचालन

संरक्षण संस्था						
मैनवती वनाउने तालिम ५ दिन, समाज जागरण नेपाल	२०७६।३।२०	आसार मसान्त	२०७६।३।३१	२०००००	२०००००	०७७।३ मा संचालन
तरकारी खेती तालिम ५ दिने, जनकल्याण यूवा क्लब रोहुवा २ वेमौसानी	२०७६।१।४	आसार मसान्त	२०७६।३।३१	२४५०००	२४५०००	०७७।३ मा संचालन
अगरवती तालिम, यूवा सामाजिकरण संस्था	२०७६।३।२२	आसार मसान्त	२०७६।३।३१	२०००००	२०००००	०७७ असारमा संचालन
अगरवती तालिम, आसा उत्थान सन्जाल नेपाल	२०७६।३।१५	आसार मसान्त	२०७६।३।३१	२०००००	२०००००	०७७।३।१५ देखि ३।३९
सर्फ बनाउने तालिम २०७५।७६, अपांग कल्याण संघ	२०७६।३।१३	आसार मसान्त	२०७६।३।३१	४३००००	४३००००	०७६।७७ मा कार्य संचालन
नुरुल उलुम तालिम०७५।७६, मदरसा अमजोतिया	२०७६।२।२६	आसार मसान्त	०७७।३।२९	२०००००	२०००००	०७६।३।२१ देखि ३।२५
जम्मा					४२६००००	

४१.१.	२क.-।०७६।६।१६ वडा नं ९ का वडा सचिव राम एकवाल रायको गत वर्ष २०७५।७६ मा लक्षित समूहका वालवालिकालाई खेलकुद सामाग्री वितरणको पेश्की रु.१ लाख फछ्यौंट गर्दा खेलकुद पोशाक र खेल सामाग्री खरिदको पान विल पेश गरेकोमा आयकर ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार २० हजार भन्दा बढीको खरिद स्थायी लेखा नम्बर र मूल्या अभिवृद्धि करमा दर्ताबाट गर्नु पर्नेमा पान विलबाट खरिद गरेकोमा १५ प्रतिशत अग्रिम कर कट्टी नगरेकोले कर रकम असूल गर्नु पर्ने रु.	१५०००
४१.२.	१०।०७६।९।१५ खत्वे टोल आर.सि.सि. कल्भर्ट निर्माण गर्ने कार्यका लागि लागत अनुमान रु.१६०७५१५।४८ मा २०७६।१।२२ मा आर.आर.एन संस्था र उपभोक्ता समिति विच भएको संझौता वमोजिम नगरपालिकाले रु.३०५४४१।७८ वेहोर्नेमा कार्य सम्पन्न पश्चात रु.१४८९८८३। मूल्यांकन भई गत वर्ष प्रथम विलबाट भुक्तानी भएको रु.१३८९७५। कट्टी गरी रु.१६६४६६। यस वर्ष भुक्तानी गरेको देखियो । संझौता भन्दा रु.११७६३२।४८ को घटी कार्य मूल्यांकन हुँदा समानुपातिक हिसाबको रु.२८३०९०। भुक्तानी दिनु पर्नेमा पुरै भुक्तानी गरेकोले बढी रकम रु.२२३५१। असुल गर्नु पर्ने रु.	२२३५१
४२.	गो.भौ.नं २८ प्रा.वि सिमरा भगवतीपुरको भवन निर्माणको लागत अनुमान रु.३५२८१२९। मा सामुदायिक विकास कार्यक्रमबाट रु.२५१४६८०। र नगरपालिकाबाट रु.१०१३४४९। वेहोर्ने गरी २०७५।७६ मा सि.डि.पि. गोडैटा न.पा. र उपभोक्ता समिति विच भएको संझौता वमोजिम एकिकृत लागत अनुमान, मूल्यांकन र सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेमा नगरपालिकाले स्थानीय सामाग्री ढुवानी र खरिदको मात्र रु.१०७४८७६। मूल्यांकन गरी रु.१०१३४४९। भुक्तानी गरेकोले पुरै कार्यको लागत सहभागिता सहितको कार्य मूल्यांकन पेश हुनु पर्ने रु.	३५२८१२९

४३.

अमानतमा कार्य:सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामाग्री ऐन र नियमावलीको प्रकृया वमोजिम खरिद गरी एक लाख रुपैयामा नबढाई खण्डखण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धी काम आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा दिन सकिने व्यवस्था छ । पालिकाले निम्नानुसार गत वर्षको असाढमा आएको बाढीका कारण क्षतिग्रस्त भएका सडकहरु तत्काल नै नगरी २ महिना भन्दा बढी अवधि पश्चात निर्माण व्यवसायीबाट दररेट लिई गर्न सकिनेमा अमानतबाट गरेको नियमित नदेखिएको रु.

गो.भौ.	योजनाको नाम	अमानतबाट गर्न कर्मचारी।व्यक्ति	ईष्टिमेट	मूल्यांकन र भुक्तानी	कैफियत
१९४।०७७।३।३१	राम वन देखि वागदह जाने वाटो मर्मत	देवेन्द्र कुमार मल्लिक	४०३५४	३९७११	आश्विन र मंसिरका विल भरपाई
१९३।०७७।३।३१	राम वन देखि मलघारा जाने सडक मर्मत	देवेन्द्र कुमार मल्लिक	९९०७५	९७३०९	आश्विन
१९२।०७७।३।३१	नन्दलाल घर देखि गान्धी घर ग्राभेल	अनिल कुमार गुप्ता	९९५९९	९९५१६	२०७७ असार
१८४।०७७।३।३१	झगरु चौक ग्राभेल	गौरी शंकर राउत	९८७२६	९९५१६	२०७७ असार
१८५।०७७।३।३१	वडा नं ४ विभिन्न स्थान	उपेन्द्र महतो	८२७९३	७४०७५	कार्यपालिका निर्णयले १५ ट्रिप ग्राभेल
१५९	ग्राभेल कार्य	देवेन्द्र कुमार मल्लिक	६५६००	५८४४२	कार्यपालिका निर्णयले १५ ट्रिप ग्राभेल
२०४	चन्द्र किशोर महतोको घरदेखी ब्रिज ग्राभेल	पुरुषोत्तम राय	९९१६४	९८६४६	कार्यपालिका निर्णयले १५ ट्रिप ग्राभेल
१९६	वडा नं १ र ३ विभिन्न सडक	पुरुषोत्तम राय	९९६७५	९९६७५	कार्यपालिका निर्णयले १५ ट्रिप ग्राभेल
१९७	वडा नं ११ विभिन्न सडक	भिखारी राउत	९८२८०	९७५००	कार्यपालिका निर्णयले १५ ट्रिप ग्राभेल
१९८	वडा नं १२ का विभिन्न सडक	राम एकवाल राय	९९६१८	९८२८५	कार्यपालिका निर्णयले १५ ट्रिप ग्राभेल
२०३	वडा नं ९ वकैनिया ग्राभेल	राम एकवाल राय	९९९८४	९९२६४	कार्यपालिका निर्णयले १५ ट्रिप ग्राभेल

१२९५८५५

२११ ख	वडा नं ७ विभिन्न सडक	रामपूत सिंह	७३८६२	७३८६२	कार्यपालिका निर्णयले १५ ट्रिप ग्राभेल
२१४	वडा नं ६ विभिन्न सडक	देवेन्द्र कुमार मल्लिक	६४२५९	६१२२४	कार्यपालिका निर्णयले १५ ट्रिप ग्राभेल
२३०	वडा नं ३ विभिन्न सडक	राधेश्याम यादव	९९५३२	९९२३०	कार्यपालिका निर्णयले १५ ट्रिप ग्राभेल
२३२	वडा नं ११ विभिन्न सडक मर्मत	भिखारी राउत	९९६०३	९९६००	कार्यपालिका निर्णयले १५ ट्रिप ग्राभेल
जम्मा				१२९५८५५	

४४. **गैर सरकारी संस्थाले विजक जारी नगरेको:**आयकर ऐन २०५८ तथा मूल्य अभिवृद्धि कर ऐन २०५२ वमोजिम दर्ता भएको करदाताले रितपूर्वकको विजक जारी गर्नु पर्ने व्यवस्था छ । आयकर ऐन २०५८ को दफा ८८ वमोजिम परामर्श शुल्क भुक्तानी गर्दा कर विजक पेश भएमा १.५ प्रतिशत र अन्यथा १५ प्रतिशत अग्रिमकर कट्टी गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारका गैर सरकारी संस्थाबाट सोझै प्रस्ताव लिई कार्यक्रम संचालन गर्दा संस्थाको विजक पेश नभएकोमा १५ प्रतिशत अग्रीम कर कट्टी गर्नु पर्नेमा घटी कर कट्टी गरेकोले नपुग कर रकम असूल गरी भुक्तानी दिएको रकम आय विवरणमा समावेश गरेको प्रमाण पेश हुनु पर्ने रु. ३१२१९०

गो.भौ.	गै.स सं.को नाम.	कार्यक्रम	भुक्तानी रकम	कर रकम	कट्टी रकम	घटी कर कट्टी रकम
१८२	समाज कल्याण संरक्षण संस्था (६१०८३५५७५)	सर्फ वनाउने तालिम	२०००००	३००००	१०५००	१९५००
१८३	समाज जागरण नेपाल (६१०८३५५२०)	मैनवती वनाउने तालिम	२०००००	३००००	९२००	२०३००
१२९	मिरमिरे नेपाल मलंगवा (३०२३६२२०४)	जनचेतना तालिम	२५००००	३७५००	२७४३०	१००७०
१८०	युवा सामाजिक संस्था (६१०८३५४९८)	अगरवती वनाउने तालिम	२०००००	३००००	८५००	२१५००
	आशा उत्थान संजाल नेपाल	अगरवती वनाउने तालिम	२०००००	३००००	१०४००	१९६००
	अपांग कल्याण संघ पर्सा (३०१९६२४६३)	सर्फ वनाउने	४३००००	६४५००	७८२५	५६६७५
	मदरसा अमजदिया नुरुल उलम (६०५६५४८९९)	अगरवती वनाउने तालिम	२०००००	३००००	२३५००	६५००
७८	पोली टेक्निकल प्रा.लि. सुनसरी	पशुश्रोतको उचित व्यवस्थापन तालिम ०७५।७६	२०००००	३००००	१०७१८	१९२८२

७९	शितल टेक्नीकल ट्रेडिङ्ग ईन्सिटच्युट प्रा.लि. चितवन	जेष्ठ नागरिक व्यवस्थापन तालिम	२०००००	३००००	९६७६	२०३२४
८०	सन राईज टेक्निकल ट्रेडिङ्ग प्रा.लि. जनकपुर	बालअधिकार सम्बन्धि तालिम ०७५।७६	२०००००	३००००	९७००	२०३००
८१	यूनोस्को यूवा सेवा समाज रौतहट	महिला क्षमता विकास तालिम ०७५।७६	२०००००	३००००	९८६६	२०१३४
८२	उज्वल भविष्य गरुडा	महिला पुरुष समाज विकास तालिम ०७५।७६	२०००००	३००००	२५४९५	३९००५
५६	राष्ट्रिय मधेसी अपांगता महासंघ	सिपमूलक तालिम	४३००००	६४५००	२५४९५	३९०००
जम्मा						३१२१९०

४५. **अग्रिम करः** पालिकाले उपभोक्ता समितिलाई भुक्तानी गर्दा निम्नानुसार कर विजक पेश भएको रकममा १.५ प्रतिशत, ज्यालामा १ प्रतिशत र सामाग्री सहितको ढुवानीमा २.५ प्रतिशत र भाडामा १० प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्नेमा घटी कट्टी गरेको देखिएकोले घटी कट्टी रकम असुल हुनु पर्ने रु. २३७५५

गो.भौ.	योजनाको नाम	१ % कर	१.५% कर	१०% कर	२.५ % कर	जम्मा रकम	कर कट्टी	नपुग कर रकम
२	वजार सटर निर्माण वडा नं.८	५४९९	१६८५६	५८८०	१४७२५	४२९६०	३६१६४	६७९६
५३	पदाधिकारी ईन्धन, सवारी मर्मत संचालन भरत मंडललाई भुक्तानी	-	३४३१	-	-	३४३१	-	३४३१
१८६	रामानन्द रायको घरदेखि धोविनिया घरसम्ममर्मत,जितेन्द्र कुमार राय	-	-	२१९९८	-	२१९९८	८४७०	१३५२८
जम्मा								२३७५५

४६. **वित्तिय समानीकरणबाट शिक्षकको तलबः** स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम शिक्षकको तलब भत्ता सर्शत शिर्षकमा कार्यक्रम स्वीकृत र वजेट व्यवस्था गरी गर्नु पर्नेमा पालिकाले स्वयं सेवक शिक्षक कर्मचारीको तलब भत्ता समानीकरण अनुदानबाट लेखेको नियमित नदेखिएको रु. २९६०००

गो.भौ.	विद्यालयको नाम	स्वयं सेवक शिक्षक	तलब रकम
१००।०७७।३।२१	भोथी कपलेश्वर जनकल्याण नि.मा.वि	४ जना	२९६०००

४७. १२७।०७७।३।३० विद्युत संरचना निर्माणका लागि विद्युतपोल ७६ वटाको ढुवानी समेत रु.९७८००१ मा खरिद गरी जय माँ दूर्गा जेनरल सप्लायर्सलाई भुक्तानी गरेकोमा उक्त जिन्सी कार्यालयको जिन्सी खातामा दाखिला नगरी साईडमा झारेको जानकारी कार्यालयबाट प्राप्त भएको छ । खरिद गरिएका विद्युत पोल जडान गरी मूल्यांकन प्रमाण पेश हुनु पर्ने रु. ९७८००१

<table>
<tr><td>४८.</td><td>२२।०७६।१०।१२ विद्यु.त पोल ७२ थान खरिद गरी ढुवानी समेत लक्ष्मी सप्लायर्स एण्ड कन्ट्रक्सनलाई रु.८३३९४०।भुक्तानी गरेकोमा खरिद गरिएको पोल साईड सोरम खोलामा राखेको जानकारी कार्यालयबाट प्राप्त भएको छ । खरिद गरिएका पोल जडान गरेको प्राविधिक मूल्यांकन पेश हुनु पर्ने रु.</td><td>८३३९४०</td></tr>
<tr><td>४९.</td><td>१.१.५.३ एम.२० को आर.सि.सि. कार्यको लागि पालिकाले १० देखि २० एम.एम साईजको एग्रिगेट र लोड,अनलोड, ढुवानी, ज्यामी अन्य सामाग्री समेत प्रति घ.मि. १२०९५। कायम गरेकोमा उपभोक्ता समितिले नजिकको वसवरिया नाकाबाट प्रति ट्याक्टर रु.४००। रोयल्टी तिरी लोड,अनलोड, ढुवानी र सरसफाई गरी प्रयोग गरेको कार्यालयले जनाएको छ ।</td><td></td></tr>
<tr><td></td><td>डीपीआरखर्च —बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई भुक्तानी दिएको देखियो ।
<table>
<tr><th>गो भौ</th><th>विवरण</th><th>भुक्तानी पाउने</th><th>रकम</th><th>लागत अनुमान</th></tr>
<tr><td>७४।०७७।३।३</td><td>मस्जिद भवन डि. पि. आर.</td><td>ईन्नोभेटिभ क्रियटर्स ई. कन्सल्टेन्सी (६०३३३६५४०)</td><td>३५१२६०</td><td>८७७२२९७।८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०.</td><td>५३।०७६।११।२६ बाटो मर्मत तथा ह्याण्ड पम्प जडान उपभोक्ता समिति ७ लाई रु.४२००००। भुक्तानी गर्दा मूल्यांकनमा समावेश भएको हेण्डपम्प र फिटिङ्ग सामाग्री खरिदको रु.२५१६६। मा समावेश भएको मूल्य अभिवृद्धि कर रु.२८९५। सोलिङ्ग१०.२६व.मि. र पि.सि.सि. ८.२६ घ.मि. मूल्यांकनमा समावेश भएको मू.अ.कर रु.६६९१। समेत रु.९५८६। को कर विजक पेश हुनु पर्नेमा रु.३३७३। मात्रको पेश गरेको देखिएकोले बढी मू.अ.कर भुक्तानी रु.६२१३।असुल गर्नु पर्ने रु.</td><td>६२१३</td></tr>
<tr><td>५१.</td><td>वितरणमुखी कार्यक्रमःनगरपालिकाले विभिन्न लक्षित वर्गलाई राहत स्वरुप जिन्सी सामान वितरण तथा सम्मान कार्यक्रम संचलान गर्दा कार्यविधि तयार गरी स्वीकृत कार्यविधि अनुसार लक्षित समूहको पहिचान गरी वितरण गर्नु पर्नेमा कार्यविधि तयार नगरी निम्नानुसार वडा कार्यालयको वजेटमा समावेश गरी वडाबाट नै जिन्सी खरिद गरी वितरण गरेको देखियो । यस्तो कार्य कार्यविधि बनाएर मात्र खर्च गर्नु पर्नु पर्दछ ।
<table>
<tr><th>गो.भौ.</th><th>विवरण</th><th>संख्या</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>३५।०७६।११।१</td><td>कम्बल वितरण वडा नं ८</td><td>५० थान</td><td>१०००००</td><td>लक्षित समूहको छनौट नगरी वडा कार्यालयबाट वितरण गरी वडाध्यक्षलाई सोधभर्ना गरेको</td></tr>
<tr><td>५१।०७६।११।२१</td><td>कम्बल वितरण वडा नं ११</td><td>२५० थान</td><td>४९८६१२</td><td>लक्षित समूहको छनौट नगरी वड कार्यालयबाट वितरण गरि शिखा अनु ट्रेडर्सलाई भुक्तानी ।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>५९८६१२</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५२.</td><td>४०-०७६/११/१३ नगरपालिकाका विभिन्न वडामा वर्षाका कारण विग्रेको वाटोमा ईट्टा र ईट्टाका टुक्रा राखी मर्मत गरेवापत रु.१४०७३२८। कार्य मूल्यांकन गरी नवराज फिक्स ईट्टा उद्योगबाट कार्य गराई भुक्तानी दिएकोले सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम १० लाख भन्दा बढी रकमको कार्य गराउदा बोलपत्रबाट गराउनु पर्नेमा सोझै मर्मत गराएको अनियमित देखिएको रु.</td><td>१४०७३२८</td></tr>
<tr><td>५३.</td><td>अमानतः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट कार्य गर्नु पर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामाग्री ऐन र नियमावलीको प्रकृया वमोजिम खरिद गरी रु.१ लाखमा नबाढाई ज्यालामा काम गराउनु पर्ने व्यवस्था भएकोमा पालिकाले निम्नानुसारका योजना आमानतबाट सामाग्री खरिद सहित अमानतमा दिएको नियमित नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>मूल्यांकन</th><th>भुक्तानी</th><th>अमानतबाट कार्य गराई</th></tr>
</table></td><td>१३९९७९९</td></tr>
</table>

					व्यक्ति।कर्मचारी
१८-०७६।१०।९	वगदह देखि सिमरा जाने बाटो मर्मत	७८४३०३	७८४३०३	७८४३०३	वडा नं.३ वडा सचिव पुरुषोत्तम राय
१९-०७६।१०।९	बासको लच्का निर्माण र ग्राभेल वडा नं.२	५०६६५२	५०८७१७	४५७८४५	वडा नं.२ वडा सचिव रामपृत सिंह
७६-०७७।३।४	सडक मर्मत संभार वडा नं.१२	१७८५१६	१५७६५१	१५७६५१	वडा नं.१२ वडा सचिव राम एकवाल राय
जम्मा				१३९९७९९	

५४. **अनुगमन भत्ताः** स्थानीय सरकार संचालन ऐन,२०७४ तथा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ मा नगरपालिका भित्र अनुगमन गर्दा अनुगमन भत्ता दिने व्यस्था देखिदैन । भ्रमाण खर्च नियमावली २०६४ वमोजिम एकै दिनमा फकर्न सक्ने स्थानमा दैनिक भ्रमण भत्ता दरको २५ प्रतिशत हुने रकम मात्र खाजा खर्च वापत दिने व्यवस्था छ ।नगरपालिकाले उक्त ऐन र नियमावलीमा विपरित निम्नानुसार नगर पालिकाभित्र अनुगमन भत्ता भुक्तानी गरी बढी व्यय भार पारेको रु. ९०७५०

गो.भौ.नं.	अनुगमन कर्ता	विवरण	कर बाहेक रकम
२०९-०७६।११।२१	पदाधिकारी ५ जना	विभिन्न योजना भुक्तानीको सिफारिस	६३७५०
६४५-०७७।३।३१	स्थानीय तहका स्वास्थ्य संस्थाहरुको मासिक समिक्षा बैठक यातायात खर्च	पदाधिकरी, प्र.प्र. अ. स्वास्थ्य संयोजक अप्रेटर न.पा. का ९ जना ६/६ वटा समिक्षा रु.५००।	२७०००
जम्मा			९०७५०

५५. **बढी भुक्तानीः**१९९।०७७।३।३१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भरपाई चेक जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले २०७६।११।२१ मा विजमोहन राउतको घर देखि विजेन्द्र ठाकुरको घरसम्म १०७ मिटर लम्बाई सडक ढलानको लागि ०७७।२।२५ भित्र सम्पन्न गर्ने गरी रु.१६२७४६२। को लागतमा श्रमदान कट्टी गरी रु.१४६२५००। भुक्तानी गर्ने गरी उपभोक्ता समितिसंग संझौता भएकोमा कार्य सम्पन्न पश्चात १०८ मिटर ढलानको रु.१७३३४७०। मूल्यांकन गरी शरु संझौताको लागत अनुमान बराबर रु १६२७४६२। भुक्तानी गरेको देखियो । म्याद थप र भुक्तानीको ०७७।३।३१ को सदर टिप्पणी अनुसार उक्त योजनाको लागि २०७७।३।४ को नगर कार्यपालिकाको निर्णयले पुरण राउतको घरको दक्षिणपट्टीको ईनार मर्मतको वजेट रु.१ लाख उक्त योजनामा थप गरी कार्यमूल्यांकन भएको रु.१७३३४७०। मा श्रमदान रु.१७३४७०। कट्टी गरी रु १५६००००। भुक्तानी हुन आदेश भएको देखिन्छ । उपभोक्ता समितिसंग संझौता नविकरण र लागत अनुमान संशोधन नगरी संझौता भएर कार्य शुरु भई म्याद समाप्त सकेपछि म्याद थपको समयमा अर्को स्वीकृत योजनाको वजेट कटौती गरी वजेट थप गर्न तथा स्वीकृत सदर टिप्पणी भन्दा बढी भुक्तानी गर्न मिल्ने आधार देखिदैन । तसर्थ संझौता अनुसारको कार्य मूल्यांकनमा कार्यालयले वेहोर्ने रु.१४६२५००।मात्र दिन मिल्ने हुँदा बढी भुक्तानी रु.१६४९६२। उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु. १६४९६२

स्वास्थ्य शर्सत चालु तर्फ

५६. १०६।०७६।१०।२१ कार्यपालिकाको ०७६।९।१५ को निर्णयको आधारमा स्वास्थ्य तर्फ तलब भत्ता वापत वजेट व्यवस्था भएको रकमबाट प्र.प्र.अ., ले.पा. र स्वास्थ्य तर्फका ३ जना लाई २५ प्रतिशतका दरले श्रावण देखि असार मसान्त सम्म रु.४२७३१८। भुक्तानी गरेको देखियो । शर्सतको वजेट प्रोत्साहन भत्ता दिन नमिल्ने हुँदा

<table>
<tr><td></td><td>कार्यपालिकाको निर्णयले भुक्तानी गरी बढी व्ययभार पारेको रु.</td><td>४२७३१८</td></tr>
<tr><td>५७.</td><td>१२९।०७७।३।३० मिरमिरे नेपाल मलंगवा(३०२३६२२०५)लाई लैंगिक हिसाब विरुद्धको जनचेतनामूलक र तालिम संचालन वापत रु २५००००। भुक्तानी गरेको उक्त संस्था २०७१।८।२५ देखि मूल्य अभिवृद्धि करमा समेत दर्ता भएकोमा कर तथा पान विल समेत जारी गरेको देखिएन । मूल्य अभिवृद्धि कर ऐन वमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले भुक्तानीमा समावेश भएको मूल्य अभिवृद्धि कर रु २८७६१। असुल गरी भुक्तानी रकम आय विवरणमा समावेश गरेको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>२८७६१</td></tr>
<tr><td>५८.</td><td>१६५।०७७।३।३१ वेमौसमी तरकारी खेती तालिम वडा नं ७ संचालन ०७५।७६ वापत गैर सरकारी संस्था जनकल्याण यूवा क्लब रोहवा (३०२३६२१९८)लाई रु.२४५०००। भुक्तानी गरेकोमा उक्त संस्था २०७१।८।२५ मा मूल्य अभिवृद्धि करमा समावेश भएको मू.अ.कर रु.२८१८६। असूल गरी भुक्तानी रकम आय विवरणमा समावेश गरेको प्रमाण पेश हुनु पर्ने रु.</td><td>२८१८६</td></tr>
<tr><td>५९.</td><td>२००।०७७।३।३१ बाढीको कारणले विग्रेका सडकको आकस्मिक कार्यका लागि भरत मण्डललाई निवेदनको आधारमा रु.५०००००। पेश्की दिएको रकम आर्थिक वर्ष भित्र फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार फछ्र्यौट हुनु पर्ने रु.</td><td>५०००००</td></tr>
<tr><td>६०.</td><td>बढी भुक्तानीः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भरपाई जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले जेष्ठ र असार महिनाको तलब वितरण गर्दा सि.अ.हे.ब. राम विनय साहलाई मासिक तलब रु.२८२००।र ग्रेड रु.६७६८। ले २ महिनाको रु.६९९३६। खर्च लेखी भुक्तानी गर्नु पर्नेमा रु.१७४८४०। खर्च लेखी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी रकम कर्मचारी संचय कोष थप समेत असुल गर्नु पर्न रु.</td><td>११५३९५</td></tr>
<tr><td>६१.</td><td>पारिश्रमिक करः आयकर ऐन,२०५८ को दफा ८७ को अनुसूची १ अनुसार वार्षिक आयको गणना गरी छुट र कट्टी पाउने रकम घटाई कर योग्य आय अनुसार मासिक रुपमा पारिश्रमिक भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी भुक्तानी गर्नु पर्ने व्यवस्था भएकोमा कार्यालयबाट वार्षिक रुपमा प्राप्त भएको तलब भत्ता, चाडपर्व खर्च, स्थानीय भत्ता, पोशाक, हेजडि भत्ता, प्राविधिक ग्रेड र आन्तरिक पर्यटन वापत प्राप्त एक महिनाको तलब समेतको वार्षिक आयको गणना गरी कर योग्य आयको अनुसूची १ अनुसारको दरले मासिक रुपमा कर कट्टी गर्नु पर्नेमा एक प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गर्ने गरेको देखिएकोले निम्न कर्मचारीहरुको कर योग्य आयको १० र २० प्रतिशत दरले समेत कुल रु. १५८११०। कट्टी गरी राजश्व दाखिला गर्नु पर्ने रु.
<table>
<tr><th>कर्मचारीको नाम र पद</th><th>मासिक तलब ग्रेड रकम</th><th>कर योग्य वार्षिक आय दशैं, पोसाक र महंगी भत्ता समेत</th><th>१ %</th><th>१०%</th><th>२०%</th><th>कर कट्टी</th><th>नपुग कर</th></tr>
<tr><td>ज.स्वा.अ. देव शंकर मिश्र</td><td>५०४९०</td><td>६२४९८२</td><td>४५००</td><td>१००००</td><td>१४९९६</td><td>५६४६</td><td>२३८५०</td></tr>
<tr><td>सि.अ.हे.व.अ. प्रमोद पंडित</td><td>४७९९०</td><td>६००२८२</td><td>४५००</td><td>१००००</td><td>१००५६</td><td>५३७६</td><td>१९१८०</td></tr>
<tr><td>क्ष.कु.अ. साहबुदिन मिकरानी</td><td>४७९९०</td><td>६००२८२</td><td>४५००</td><td>१००००</td><td>१००५६</td><td>५३७६</td><td>१९१८०</td></tr>
<tr><td>सि.अ.हे.व.अ. शंकर झा</td><td>४७९९०</td><td>६००२८२</td><td>४५००</td><td>१००००</td><td>१००५६</td><td>५३७६</td><td>१९१८०</td></tr>
<tr><td>सि.अ.हे.व.अ. रामवृक्ष महतो</td><td>४७९९०</td><td>६००२८२</td><td>४५००</td><td>१००००</td><td>१००५६</td><td>५३७६</td><td>१९१८०</td></tr>
<tr><td>सि.अ.हे.व.अ. गोविन्द झा</td><td>४७९९०</td><td>६००२८२</td><td>४५००</td><td>१००००</td><td>१००५६</td><td>५३७६</td><td>१९१८०</td></tr>
<tr><td>सि.अ.हे.व.अ. पारसनाथ प्रसाद साह</td><td>४७९९०</td><td>६००२८२</td><td>४५००</td><td>१००००</td><td>१००५६</td><td>५३७६</td><td>१९१८०</td></tr>
<tr><td>सि.अ.हे.व.अ. जयराम महतो</td><td>४७९९०</td><td>६००२८२</td><td>४५००</td><td>१००००</td><td>१००५६</td><td>५३७६</td><td>१९१८०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१५८११०</td></tr>
</table></td><td>१५८११०</td></tr>
<tr><td></td><td>न.पा. चालु तर्फ</td><td></td></tr>
</table>

६२. २९७-०७७।१।२६ अपांगता सम्बन्धी बैठक भत्ता वापतको रकम ज.स्वा.नि. बैंजु शंकर राउत मार्फत खाजा खर्च रु.३७२००। र वैठक भत्ता रु.२४८०००। १३ जनालाई २० वटा बैठकको भुक्तानी गरेको देखियो । अपांग सम्बन्धी बैठकमा उप प्रमुखको संयोजकत्वमा सदस्य ९ जना र ३ जना आमन्त्रित सदस्या देखिन्छ । बैठक संचालनको माईन्यूट र निर्णय संलग्न गरेको देखिएन । अपांगको बैठकमा ज.स्वा.नि.-२, अ.हे.व.१, अ.न.मि.१ सदस्यको रुपमा राखी बैठक भत्ता भुक्तानी गरेको देखिन्छ । कुनै पनि समिति वा कार्यालयमा ७ जना भन्दा बढी सदस्य राख्न नपाईने, बैठक कार्यालय समयमा भएकोमा वैठक भत्ता दिन नमिल्ने प्रचलित कानून तथा कुनै निर्णय एवं आदेशबाट गठित समितिको बैठकको मात्र भत्ता दिन मिल्ने व्यवस्था प्रदेश खर्च मापडण्ड निर्देशिकाले गरेको देखिन्छ । यसरी स्पष्ट विषयवस्तु र निर्णय देखिने गरी बैठक वसेको बैठकको उपस्थिति वेगर अपांगता सम्बन्धी बैठकमा ५ जना स्वास्थ्यकर्मी समेत १३ जनालाई २० दिनको बैठक भत्ता भुक्तानी गरेको आधिकारिक समितिको उपस्थिति निर्णय र खर्च पुष्टी हुने आधार प्रमाण पेश हुनु पर्ने अन्यथा कर बाहेक असूल गर्नु पर्ने रु. २१०८००

६३. **कानूनी सल्लाहकारः**सार्वजनक खरिद नियमावली २०६४ को नियम १९ मा २० हजार रुपैया भन्दा बढीको सेवा खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति संस्था वा कम्पनीबाट गर्नु पर्ने व्यवस्था छ । पालिकाले संगठन व्यवस्थापन संरचना स्वीकृत नगरी मासिक रुपमा करारमा नियुक्ति गरी वैद्यनाथ प्रसाद यादव लाई मासिक रु.३५९९०। का दरले वार्षिक महंगी भत्ता समेत रु.५११८७०। खर्च लेखेकोमा स्वीकृत दरबन्दी वेगर उक्त खर्च परामर्श शुल्क भएकोले आयकर ऐन २०५८ वमोजिम स्थायी लेखा नम्बर लिई कर विजक जारी नगरेकोले १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत मात्र कट्टी गरेकोले घटी कर रु.७१६६२। असुल गर्नु पर्ने तथा उक्त खर्च नियमित समेत नदेखिएको रु. ५११८७०

६४. **सूचना प्रकाशनः** कार्यालयलले विभिन्न सूचना प्रकाशन वापतको रकम सोझै भुक्तानी गर्दा प्रकाशित सुचनाको अक्षर, पेपरको साईजको दररेट सहितको विल विजक लिनु पर्नेमा एकमुष्ट सूचना प्रकाशन व्यहोरा मागको विजक पेश गरेकोले विल विजकमा दावी गरेको रकम यथार्थ लागत हो भन्न सक्ने आधार देखिंदैन । केही उदाहरण निम्न छन ।

सूचना	प्रकाशक	मूल्य
स्यानटरी प्याड खरिद सम्बन्धि सूचना १ थान	राष्ट्रिय लोकन्त्र दैनिक	४२००० मू.अ.कर बाहेक
बहुक्षेत्रीय पोषण सम्बन्धी सूचना १८ पटक	राष्ट्रिय लोकन्त्र दैनिक	एकमुष्ट ५००००
वालविवाह सम्बन्धी सूचना प्रकासशन	मधेश पोष्ट दैनिक	एकमुष्ट ५००००
करार सेवामा पदपूर्ति सम्बन्धि सूचन	मधेश पोष्ट दैनिक	एकमुष्ट ३००००
सितलहर सम्बन्धि सूचना	मधेश पोष्ट दैनिक	एकमुष्ट२५०००
नगरपालिकाको अत्यन्त जरुरी सूचना	मधेश पोष्ट दैनिक	एकमुष्ट३००००
वजार ठेक्का लगायत आय ठेक्का सूचना	मधेश पोष्ट दैनिक	एकमुष्ट ५००००

६५. **कर्मचारी प्रोत्साहन भत्ताः** नगरपालिकाले यस वर्ष २० प्रतिशतसम्म प्रोत्साहन स्वरुप भत्ता उपलब्ध गराउने नगर सभाको निर्णय अनुसार चालु खर्चबाट प्रशासन तर्फका र प्राविधिक, वडा सचिव, कार्यालय सहयोगी गरी सबै कर्मचारीलाई सुरु तलब स्केलको २० प्रतिशतका दरले मासिक प्रोत्साहन भत्ता रु.३२५००००। र शर्सत स्वास्थ्यबाट ४ जना कार्यालय प्रमुख, लेखा प्रमुख, स्वास्थ्य संयोजक, सह संयोजकलाई २० प्रतिशतले वार्षिक रु.४२३०१२। गरी कुल प्रोत्साहन वापत रु.३६७३०१२। खर्च लेखेको देखियो । पालिकाले प्रोत्साहन भत्ता आन्तरिक आयबाट खाम्ने गरी संघिय कानून विपरित नहुने गरी कार्य सम्पन्न मापदण्ड तयार गरी कार्य मूल्यांकनको आधारमा दिनु पर्नेमा सो अनुसार कार्य सम्पन्न मापदण्ड र कार्य मूल्यांकन नगरी प्रतिशत तोकेर सबै कर्मचारीलाई भुक्तानी गरेको उचित देखिंदैन । त्यसै गरी प्रोत्साहन भत्ता आन्तरिक

<table>
<tr><td></td><td>आयबाट खर्च लेख्नु पर्नेमा फ्रिज गर्नु पर्ने संघीय सशर्त अनुदान ४ जना कर्मचारीको रु.४२३०२२। खर्च लेखेको रकम नगरपालिकाको संचितकोषबाट संघीय कोषमा फिर्ता गर्नु पर्ने रु.</td><td>४२३०१२</td></tr>
<tr><td>६६.</td><td>नगरपालिकाभित्र भ्रमण खर्च र अनुगमन भत्ताः भ्रमण खर्च नियमावली २०६४ को नियम ७ वमोजिम एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटी जाने कर्मचारीलाई भ्रमण खर्च र दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्च वापत पाउने व्यवस्थामा भएकोमा पालिकाले निम्नानुसार नगरपालिका भित्र अनुगमन, निरीक्षण वापत दैनिक भ्रमण भत्ताको दर पुरै भुक्तानी गरेकोले बढी रकम असुल गर्नु पर्ने रु.
<table>
<tr><th>गो.भौ.</th><th>भुक्तानी पाउने</th><th>विवरण</th><th>दिन</th><th>भुक्तानी दर</th><th>रकम</th><th>बढी रकम</th></tr>
<tr><td>६३९</td><td>नगर प्रमुख देवेन्द्र कुमार यादव</td><td>रुवेला खोप अनुगमन</td><td>३</td><td>१०००</td><td>३०००</td><td>१८००</td></tr>
<tr><td></td><td>नगर उप प्रमुख अन्जना कुशवाहा</td><td>रुवेला खोप अनुगमन</td><td>३</td><td>१०००</td><td>३०००</td><td>१८००</td></tr>
<tr><td></td><td>कर्मचारी, स्वा. संयोजक समेत ४ जना</td><td>रुवेला खोप अनुगमन</td><td>३ देखि ९</td><td>१०००</td><td>२६०००</td><td>१५६००</td></tr>
<tr><td>६३९</td><td>पदाधिकारी, प्र.प्र.अ. लेखा प्रमुख</td><td>दादुर रुवेला खोप अभियान स्वयंसेवकक तालिम</td><td>३ देखि ४</td><td>१०००</td><td>१००००</td><td>६०००</td></tr>
<tr><td></td><td>पदाधिकारी, प्र.प्र.अ. लेखा प्रमुख</td><td>दादुर रुवेला खोप नगर स्तरीय अभिमुखिकरण तालिम</td><td>१ दिन</td><td>१०००</td><td>२००००</td><td>२००००</td></tr>
<tr><td>२०९</td><td>उप प्रमुख, प्र.प्र.अ. समेत ५ जना</td><td>विभिन्न योजना अनुगमन</td><td>१५</td><td>१०००</td><td>७५०००</td><td>४५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>९०२००</td></tr>
</table></td><td>९०२००</td></tr>
<tr><td>६७.</td><td>२४१-०७६/११/२० गोडैटा नगरपालिकाबाट एकडारा गाउँपालिका महोत्तरी सरुवा भएका अ.हे.व.भूषण कुमार यादवलाई सरुवा भ्रमण खर्च वापत रु.१०८००। पारिवारीक दैनिक भ्रमण भत्ता सम्बन्धि अभिलेख म.ले.पा.फा.नं१८९ मा उल्लेख गरी भुक्तानी गरेकोमा निजको रमानामा सरुवा भ्रमण खर्च नलिएको उल्लेख गरेको देखिएकोले हाजिर भएको कार्यालयबाट भुक्तानी नलिएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्नेरु.</td><td>१०८००</td></tr>
<tr><td>६८.</td><td>वडा प्रशासनिक खर्चः नगरपालिकाले वडा समितिको बैठकको चिया खाजा वापत मासिक रु.३००००। का दरले १२ वटा वडालाई रु.३६००००। का दरले बार्षिक रु.४३२००००।वजेट व्यवस्था गरी वडा सचिवले खाजा विल पेश गरेको आधारमा सोधभर्ना गरेको देखियो । यसरी चिया खाजा वापतको सोधभर्ना नदिई सम्बन्धित पाटीलाई नै भुक्तानी गर्नु पर्दछ । चिया खाजाको विल सम्बन्धित वडाको नभई नभई अर्को वडाको पसलको संलग्न गरेको देखियो । यस्तो खर्च वास्तविक रुपमा भएको हो भनी एकिन गर्न सकिएन । सम्बन्धित पार्टलाई भुक्तानी गर्नु पर्ने रकम कर्मचारीलाई एकमुष्ट रुफमा सोधभर्ना गरेको केही उदाहरण निम्नानुसार छन । कोभिड १९ को कारण चैत्र देखि असार सम्म लकडाउन भएको अवधिको समेत यसरी एकमुष्ट खाजा चियाको विल पेश गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण गरी कोभिडको समय चैत्र देखि जेष्ठ सम्म भुक्तानी रु.२७००००। भन्दा बढी भुक्तानी भएको वडा नं.९ को रु.४०२७५। र वडा नं.१२ को रु.४०२७० असुल गर्नु पर्ने रु.</td><td>८०७५०</td></tr>
</table>

	गो.भौ.	भुक्तानी पाउने	अवधि	रकम	संलग्न विल	
	२३५	वडा नं.२ वडा सचिव रामपृत सिंह	श्रावण देखि पौष	१३९०००	सोनुराज मिष्ठान भण्डार विष्णु गा.प.३ को विल	
	२५४	वडा नं.७ वडा सचिव अनिल कुमार गुप्ता	श्रावण देखि फाल्गुन	१९८४७०	कृष खाजा घर वडा नं.८ को विल	
	३६७	वडा नं.११ वडा सचिव भिखारी राउत	श्रावण देखि वैशाख	२५४७००	-	
	५४६	वडा नं.४ उप्रेन्द्र महतो	फाल्गुन देखि आसार	१०५०००	-	
	५७४	वडा नं.९ वडा सचिव राम एकवाल राय	श्रावण देखि असार मसान्त सम्म	३१०२७५	कृष्ण अर्जुन चमेना गृह वडा नं.८	
		वडा नं.१२ वडा सचिव राम एकवाल राय	श्रावण देखि असार मसान्त सम्म	३१०२७५	कृष्ण अर्जुन चमेना गृह वडा नं.८	
		वडा नं.६वडा सचिव राम एकवाल राय	श्रावण देखि पौष	१७३४६८	कृष्ण अर्जुन चमेना गृह वडा नं.८	
	जम्मा			१२३६४८८		
६९.	**पदाधिकारी औषधी उपचार खर्चः** स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ मा स्थानीय तहका पदाधिकारीलाई औषधी उपचार खर्च दिने व्यवस्था देखिदैन । पालिकाले नगरकार्यपालिकाको निर्णयले वडाध्यक्ष पारस मिश्र, भोला महतो कोईरी र विजय प्रसाद यादव गम्भिर प्रकृतिको रोगका कारण स्वस्थ्य अवस्था बिग्री उपचार गराउनु पर्ने भनी विल भरपाई संलग्न गरी क्रमशः रु.७५०००।, रु.३००००। र ९५०००। गरी रु.२०००००। राहत स्वरुप भुक्तानी गरेको देखियो । ऐनमा व्यवस्था नभएको सुविधा प्रदेश कानून टेकेर निर्णयको आधारमा दिन नमिल्ने भएकोले यस्तो खर्चले व्ययभार पर्न जाने र नियमित नदेखिएको रु.					२०००००
७०.	**बजेट निर्माण भत्ताः** ४२९-०७७।३।१९ स्थानीय सरकार संचालन ऐन,२०७४ मा नगरपालिकाको आर्थिक वजेट निर्माण वापत भत्ता दिने व्यवस्था देखिदैन । नगरपालिकाले कार्यपालिकाको मिति २०७७।३।९ को निर्णयबाट प्रमुख प्रशासकीय अधिकृत,लेखा प्रमुख, प्रशासन प्रमुख, जिन्सी प्रमुख, योजना प्रमुख सूचना प्रविधि अधिकृत र राजश्व शाखाका कर्मचारी समेत ७ जनालाई १ महिनाको तलब बराबर वजेट निर्माण भत्ता वापत प्रोत्साहन भत्तामा खर्च लेखी निम्नानुसार रु.२४१४६५। भुक्तानी गरेको देखियो । ऐनमा व्यवस्था नभएको वजेट निर्माण भत्ता कर कट्टी वाहेक असुल गर्नु पर्ने रु.					२३९०५१
७०.१.	नगरपालिकाका कर्मचारीहरुलाई तलब स्केलको २० प्रतिशतका दरले प्रोत्साहन भत्ता रु.२३६४३६२। र वजेट निर्माणमा सहयोग गरेवापत थप १ महिनाको तलब बराबर भत्ता रु.२४१४६५। गरी रु.२६०५८२७। भुक्तानी गर्दा थप प्रोत्साहनमा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्नेमा १ प्रतिशत मात्र कट्टी गरी वार्षिक करमा समावेश गरी पारिश्रमिक कर गणना समेत गरेको नदेखिएकोले थप १४ प्रतिशत अग्रिम कर रकम असुल गर्नु पर्ने रु.					३६४८१६
७१.	**अन्य निकायको खर्चः** पालिकाले आफ्नो कार्यक्रम र अख्तियारीबाट अन्य कार्यालयको खर्च भुक्तानी गरेको अनियमित देखिएको रु .					१९८१५७

गो.भौ.नं.	निकायको नाम	खर्च विवरण	रकम
३६९-०७७।३।७	सशस्त्र प्रहरी बल वेस क्याम्प सुन्दरपुर	ईन्धन खर्च	८७३५
३८२-०७७।३।८	प्रहरी चौकी हरकठवा	ईन्धन खर्च	५९४०
३३-०७६।८।३०	सशस्त्र प्रहरी बलरा उद्योरण	सवारी मर्मत	२९५५०

५१-०७६।९।१५	तिलराम पन्थी सशस्त्र प्रहरी निरीक्षक	सवारी मर्मत	६००१८
६०-०७६।९।१७	अ.स.ई. राजाराम ठाकुर	सवारी मर्मत	२१८७५
७४-०७६।१०।९	अ.स.ई.रमेश कुमार झा	सवारी मर्मत	३७८१०
३९१-०७७।३।१६	हरकठवा प्रहरी चौकी	सवारी मर्मत	१९९४९
३९२-०७७।३।१६	गोडैटा प्रहरी चौकी	सवारी मर्मत	१४२८०
	जम्मा		१९८१५७

७२. ४१५-०७७।३।१६ बाट सेन्चुरी बैंकको शाखा प्रमुख जीवन ठाकुरलाई पालिका भित्रका योजनाहरुको अनुगमन गरे वापत रु.१२०००। भ्रमण खर्च भुक्तानी गरेको देखियो । यसरी गैर सरकारी निकायको कर्मचारीले पालिकाभित्र योजनाहरुको अनुगमन वापत भ्रमण खर्च दिन नमिल्ने भएकोले असुल उपर गर्नु पर्नेरु. — १२०००

७३. **पदाधिकारी तथा कर्मचारीलाई सोधभर्नाः** नगरपालिकाले मर्मत तथा ईन्धन वापत कर्मचारी र पदाधिकारीलाई समेत विल पेश गरेको आधारमा सोधभर्ना दिने गरेको देखियो ।स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम प्रमूख प्रशासकीय अधिकृतलाई अख्तियारी दिई सकेपछि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार खरिद गरी भुक्तानी गर्नुपर्नेमा कर्मचारी तथा पदाधिकारीबाट विल लिई सोधभर्ना गरेको खर्च नियमित नदेखिएको रु. — ३४२४९८२

गो.भौ.	खर्च विवरण	कर्मचारी।पदाधिकारी	रकम
१२५-०७६।१०।१३	राहत,ईन्धन र मर्मत	वडा अध्यक्ष शिव कुमार राउत	४१५३१०
१४८-०७६।११।१५	सवारी मर्मत	वडा अध्यक्ष शिव कुमार राउत	२७६५०
	ईन्धन	वडा अध्यक्ष शिव कुमार राउत	२२८७५
	संचार	वडा अध्यक्ष शिव कुमार राउत	१०५००
१५२-०७६।११।८	मर्मत	वडा अध्यक्ष रमेश कुमार यादव	३०४१०
	संचार	वडा अध्यक्ष रमेश कुमार यादव	९०००
	ईन्धन	वडा अध्यक्ष रमेश कुमार यादव	२८०५४
२११-०७६।११।२१	ईन्धन	वडा अध्यक्ष दिनेश कुमार दास	२७०००
	संचार	वडा अध्यक्ष दिनेश कुमार दास	१२०००
१९९-०७६।११।२१	ईन्धन, संचार र विविध	वडा सचिव राम एकवाल राउत	७०७८८
५३०-०७७।३।३०	ईन्धन, संचार र विविध	कर्मचारी। पदाधिकारी ३० जना	५५४२८५
५५०-०७७।३।३१	ईन्धन, संचार र विविध	कर्मचारी। पदाधिकारी ११ जना	६८८३९५
५७२-०७७।३।३०	ईन्धन, संचार र विविध	कर्मचारी। पदाधिकारी ८ जना	७७६९६८
५७९-०७७।३।३०	ईन्धन, संचार र विविध	कर्मचारी। पदाधिकारी १५ जना	४०९५७२
५९५-०७७।३।३०	ईन्धन, संचार र विविध	कर्मचारी। पदाधिकारी १७ जना	३१७२७५
९-०७६।९।१४	ग्राभेल विच्छाएको र ह्यूम पाईप जडान	वडा अध्यक्ष शिव कुमार राउत	२४९००
जम्मा			३४२४९८२

शिक्षा तर्फ

७४. **तलबी प्रतिवेदन-** निजामति सेवा ऐन, २०४९ को दफा ७ ख २ अनुसार स्वास्थ्यकर्मी तथा शिक्षकहरुको तलबी प्रतिवेदन पारित गरेर खर्च लेख्नु पर्नेमा तलबी प्रतिवेदन पारित नगराइ खर्च लेखेकोमा तलब भत्ता र ग्रेड रकम पारित प्रतिवेदन सँग भिडान गरी एकिन गर्न सकिएन ।

<table>
<tr>
<td>७५.</td>
<td>भौतिक पूर्वाधार निर्माण अनुदानः नगरपालिकाले यस वर्ष निम्नानुसार विद्यालयहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ वमोजिम आर्थिक वर्षको अन्त्यमा मात्र अनुदान उपलब्ध गराएकोमा भौतिक निर्माण कर्यको लागत अनुमान र विद्यालयहरुको संझौता पेश भएन । अनुदान रकमको संझौता प्राविधिक मूल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>भौतिक पूर्वाधार</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>वेणीभोला नमुना उ.मा.वि.गोडैटा-८</td><td>नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण</td><td>१५००००००</td><td>पालिकाले पेश्की जनाएको ।</td></tr>
<tr><td>२.</td><td>जनता उ.मा.वि.गोडैटा-५</td><td>४ कोठे भवन निर्माण</td><td>३२०००००</td><td>पालिकाले पेश्की जनाएको ।</td></tr>
<tr><td>३.</td><td>ज.नि.मा.वि. जयपुर वेल्वाजवदी</td><td>२ कोठे भवन निर्माण</td><td>१६०००००</td><td>पालिकाले पेश्की जनाएको ।</td></tr>
<tr><td>४.</td><td>ज.न.मा.वि.सिमरा भगवतीपुर</td><td>नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण</td><td>१५००००००</td><td>पालिकाले पेश्की जनाएको ।</td></tr>
<tr><td>५.</td><td>गोडैटा श्रोत केन्द्र भवन निर्माण</td><td>WASH सुविधा भएको शौचालय निर्माण</td><td>७०००००</td><td>पालिकाले पेश्की जनाएको ।</td></tr>
<tr><td>६.</td><td>मदरसा रहमानिया जियाउन ईस्लाम पिपरनाथ गोडैटा</td><td>WASH सुविधा भएको शौचालय निर्माण</td><td>७०००००</td><td>पालिकाले पेश्की जनाएको ।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३६२०००००</td><td></td></tr>
</table>
</td>
<td>३६२०००००</td>
</tr>
<tr>
<td>७६.</td>
<td>प्राविधिकधारका शिक्षकहरुको तलब भत्ताः पालिका अन्तर्गतका वेणीभोला नमुना उ.मा.वि. गोडैटा-८ र जनता उ.मा.वि. गोडैता-५लाई शिक्षण सिकाई सामाग्री तथा ल्याव असिस्टेण्ट, ईक्वीपमेन्ट र ओ.जे.टी. संचालन खर्च वापत प्रति विद्यार्थी लागत रु.१४ लाख ४० हजारका दरले यस वर्ष २८ लाख ८० हजार अनुदान आर्थिक वर्षको अन्त्यमा असार ३१ गते उपलब्ध गराएकोमा उक्त विद्यालयले अनुदान रकमबाट संचालन गरेको प्राविधिक विद्यार्थीको विषयगत विद्यार्थी विवरण पेश गरेको देखिएन । जसबाट प्रति विद्यार्थी लागत एकिन हुन सकेन । पालिकाबाट अनुगमन गरी अनुगमन प्रतिवेदन पेश हुनु पर्ने रु.</td>
<td>२८८००००</td>
</tr>
<tr>
<td>७७.</td>
<td>पाठ्यपुस्तक अनुदानःकार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७ को क्रियाकलाप नम्बनर २.१५.११.७६१ मा पालिकाले सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थिहरुको यथार्थ तथ्याँक लिई दोस्रो चौमासिक अवधी भित्र पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्या लाई अनुदान दिने व्यवस्था भएकोमा पालिकाले विद्यालमा eMIS विवरण लिएको भएमा पनि हरेक विद्यालयको कक्षागत विद्यार्थी संख्या र पाठ्यपुस्तकको दर उल्लेख गरी ७५ प्रतिशत रकम निकासाको विवरण तयार गरि निकासा गर्नु पर्नेमा विस्तृत विवरण तयार नगरी पालिकाले दोश्रो चौमासिक भित्र दिनु पर्ने ७५ प्रतिशत रकम वापत २४ वटा विद्यालयलाई गो.भौ. ३५४ मिति २०७७।३।२ बाट रु.४१५२१७४। र दोश्रो किस्ता २०७७ वैशाखको वास्तविक विद्यार्थी संख्या र पुस्तक खरिद गरेको विल तथा वितरण गरेको भरपाई वेगर गो.भौ. ५३९ ५३९-०७७।३।३१ बाट थप रु.१८५८४६५। अनुदान दिएको देखियो । पालिकाले कोभिड १९ का कारण विद्यालय संचालन नभएको अवस्थामा विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको वेगर थप अनुदान वापत आर्थिक वर्षको अन्त्यमा दिएकोले विद्यार्थीले शैक्षिक सत्रको शुरुवातमै पुरा सेटमा स्वीकृत दररेट वमोजिमको पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी खरिद र वितरणको प्रमाण पेश हुनु पर्ने अन्यथा थप रकम असुल गर्नु पर्ने रु.</td>
<td>१८५८४६५</td>
</tr>
<tr>
<td>७८.</td>
<td>गैर आवाशिय छात्रवृत्तीः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ वमोजिम विद्यालयले IEMIS मा प्रविष्ट</td>
<td></td>
</tr>
</table>

तथ्यांकलाई सम्बन्धित विद्यालयबाट काक्षगत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोक आधारमा विद्यालयहरुलाई छात्रवृत्ति रकम अनुदान दिने व्यवस्था छ । नगरपालिकाले उपरोक्तानुसार कक्षागत विद्यार्थी संख्यासंग सत्यापन गराई संख्या र दरको हिसाबले अनुदान दिनु पर्नेमा गो.भौ.५३९ मिति २०७७।३।३१ मा २५ वटा विद्यालयका १-५ कक्षा छात्रा छात्रवृत्ति रु.१५९००००।,६-८ कक्षा छात्रा छात्रवृत्ति रु.४८८४००। र दलित छात्रवृत्ति१-५ कक्षा रु.७२२०००।, ६-८ कक्षाको रु.१५०४००। गरी रु.२९५०८००। अनुदान दिएको देखियो । लेखापरीक्षणको क्रममा पेश भएको विद्यालयबाट प्राप्त केही अध्ययनरत विद्यार्थी संख्याको आधारमा छात्रवृति अनुदान भिडान गर्दा निम्नानुसार विद्यार्थी संख्याले हुने रकम भन्दा बढी रकम अनुदान दिएको देखिएकोले उक्त रकम असुल गरी अन्य विद्यालयको समेत अनुगमन गरी यथार्थ विद्यार्थी भन्दा बढी संख्यामा गएको रकम एकिन गरी असुल तथा अनुगमन प्रतिवेदन पेश हुनु पर्ने रु. १२६८००

विद्यालयको नाम	विद्यार्थी संख्या				अनुदान दिनु पर्ने	अनुदान दिएको	बढी अनुदान
	१-५ छात्रा	१-५ दलित	६-८ छात्रा	६-८ दलित			
सामुदायिक प्रा.वि. सिमरा भगवतीपुर-२	१५२	५२	-	-	८१६००	१००८००	१९२००
प्रा.वि. रोहुवा गोडैटा-४	९९	१७९	-	-	१११२००	१५५२००	४४०००
प्रा.वि. सिमरा भगवतीपुर-३	७३	३२	-	-	४२०००	५१६००	९६००
प्रा.वि. मधुवनी गोडैटा-१२	५०	-	-	-	२००००	२६०००	६०००
सामाजिक सामुदायिक प्रा.वि. जयपुर	६५	२८	-	-	३७२००	४२८००	५६००
ज.प्रा.वि.माधोपुर सिसौटीया	८९	-	-	-	३५६००	७८०००	४२४००
जम्मा							१२६८००

७९. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ वमोजिम पालिकाले विद्यालयहरुलाई विभिन्न अनुदान रकम उपलब्ध गराउँदा अनुदानको लागि निम्नानुसारका आवश्यक विवरण वेगर आर्थिक वर्षको अन्त्यमा दिएको देखिएकोले आवश्यक प्रमाण कागजात पेश हुनु पर्ने रु. ५५५१०००

गो.भौ	विद्यालयको नाम	अनुदान किसिम	रकम	कैफियत
४१८-७७।३।१७	जनता मा.वि. रामवण	ICT कम्प्यूटर अनुदान	६५००००	ICT सम्बन्धी पूर्वाधार र संचालनको अनुगमन प्रतिवेदन पेश हुनु पर्ने
	नारायणहरी मा.वि. सिसौटिया		६५००००	
४९४-७७।३।३०	नमूना गुरुयोजना वापत थप	वेणी भोला न.मा.वि.	२६५००००	गुरुयोजना अनुसारको निर्माण कार्यको लागत अनुमान संझौता र अनुगमन प्रतिवेदन पेश नभएको
५३८-७७।३।३१	वैद्यनाथ मा.वि. मधुवनि	ल्याब संचालन	६५००००	विगतमा यस्तो अनुदान नपाएको खुल्ने गरी विद्यालय छनौटको निर्णय पेश नभएको ।

५३८-७७।३।३१	वेणी भोला न.मा.वि. समेत ९ विद्यालय	गणित, अंग्रेजी र विज्ञान विषयका लागि किट्स अनुदान	४५००००	विगतमा यस्तो अनुदान नपाएको खुल्ने गरी विद्यालय छनौटको निर्णय पेश नभएको ।
५३८-७७।३।३१	ज.न.मा.वि. सिमरा भगवतीपुर	शिक्षा प्रोत्साहन अनुदान	५००००	कार्य सम्पादन करार र उत्कृष्ट छनौटको निर्णय
५३८-७७।३।३१	जनता उ.मा.वि. रामवन	उत्कृष्ट विद्यालय अनुदान	२०००००	कार्य सम्पादन करार, अनुगमन, प्रगती र उत्कृष्ट विद्यालय छनौट प्रमाण
३२३-७७।२।१५	२० विद्यालय	विद्यालय सहयोगरी र कर्मचारीलाई प्रोत्साहन	२५१०००	विद्यालयको खातामा जम्मा गरेको बैक आदेश भरपाई नभएको ।
जम्मा			५५५१०००	

८०. **दिवा खाजा अनुदानः** दिवा खाजाको नमुना परीक्षण गर्दा विद्यालयबाट पेश भएको विद्यार्थीको संख्यात्मक विवरण र वितरण गरेको भरपाईमा फरक पारी बढी विद्यार्थी संख्याको अनुदान गरिएको रकम असुल हुनु पर्नेरु. ४५८११५

विद्यालयको नाम	कक्षा	विद्यार्थीको विवरण अनुसार	खाजा अनुदान दिएको वि.संख्या	संचालन दिन	बढी अनुदान
श्री नारायण हरि मा.वि. सिसौटिया	१	१०७	१४६	११७	६८४४५
श्री सामुदायिक प्रा.वि.	ECD	४४	१३०	१४३	१८४४७०
श्री जनता आ.वि. जयपुर	ECD	५६	६६	१३२	१९८००
	१	५०	६०	१३२	१९८००
	३	५२	६५	१३२	२५७४०
	४	५५	६०	१३२	९९००
श्री नथुनी विजय प्रा.वि. पाठ्शाला, गोडैटा	१	६६	१००	७६	३८७६०
	२	४९	९१	७६	४७८८०
	३	२७	४८	७६	२३९४०
	४	५३	७०	७६	१९३८०
जम्मा					४५८११५

प्रदेश शसर्त तर्फ

८१. ५००-०७७/३/३० प्रदेश सरकार शसर्त तर्फ हरिकान्त दासको खेत देखि दुलवा जाने वाटोमा माटो तथा ग्राभेल कार्यको लागी लागत अनुमान रु.२६८३११२। मा रु.२५५१२०१। मूल्यांकनमा श्रमदान कट्टी गरी रु.२३१००००। भुक्तानी गरेको निम्नानुसार देखियो ।

८२. एक्साभेटरबाट नरम माटो काटी सडकमा फिलिङ्ग गर्ने कार्य मूल्यांक रु.५०८३२३। र एक्साभेटरको ढुवानी वापत रु.२००००। मूल्यांकन गरेको एक्साभेटर प्रयोगको कर विजक पेश नभएकोले मेशिन भाडाको भाडा कर रु.५२८३२। कर विजक पेश भएको रु.२३८२७०।को २.५ प्रतिशतले रु.३९५५०। ज्यामी रु.३३७५००।को रु.३३७५। गरी कुल रु.९९३३२। अग्रीमकर कट्टी गर्नु पर्नेमा रु.६४१७५। मात्र कट्टी गरेकोले घटी कर रकम असूल गर्नु पर्ने रु. ३५१५७

८३. संझौतामा ह्यूमपाईप खरिद, ढुवानी र जडान कार्य उल्लेख नभएकोमा ८ थान ह्यूमपाईप खरिद ढुवानी र जडानको रु.३९८४१०। मूल्यांकन गरी भुक्तानी गरेको देखिएकोले संझौता भन्दा बढी कार्यको लागत अनुमान र संझौता रिभाईज नगरी भुक्तानी गरेको नियमित नदेखिएको रु. ३९८४१०

<table>
<tr><td>८४.</td><td>उद्धार राहत तथा पूर्ण स्थापना खर्चः पालिकाले घर जलेको बाढी पिडित गरिब विरामी, मेल पर्व, पूजा, यज्ञ जस्ता कार्यमा नगर प्रमुखको सिफारिसमा विल राखी र आर्थिक सहायतामा विल वेगर समेत यो वर्ष उद्धार राहत तथा पूर्नस्थापना खर्च वापत रु.२९९९३९०। खर्च लेखेको देखियो । यस्तो खर्चमा कार्यविधि स्वीकृत गरी खर्चमा मितव्ययीता अपनाउनुका साथै नियन्त्रण गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८५.</td><td>सेनिटरी प्याड खरिदः५०५-०७७।३।३० नगरपालिकाले शिक्षा तर्फ सामुदायिक विद्यालय छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड खरिदका लागि रु.२० लाख वजेट व्यवस्था भएकोमा २०७७/३/४ मा खरिद सम्बन्धि दरभाउपत्र माग गरी उन्नती मेडिसिन सप्लायर्सबाट २७०१३ थान मू.अ.कर वाहेक प्रति थान ६५.४८८ का दरले खरिद गरी रु.१९९९९००। भुक्तानी गरेकोमा निम्नानुसार देखियो ।</td><td></td></tr>
<tr><td>८६.</td><td>विश्वव्यापी कोभिड-१९ को कारण २०७६ चैत्र ११ देखि देशव्यापी लकडाउन भएको समयमा विद्यालय संचालन नभएकोमा विद्यालयका छात्राहरुका लागि भनी धेरै परिमाणमा खरिद गरी मौज्दात राखेको उचित देखिएन ।</td><td></td></tr>
<tr><td>८७.</td><td>सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा ५ मा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकसंग भिडाई विद्यालयलाई आवश्यक हुने संख्यामा उपलब्ध गराउनु पर्ने र विद्यालयले छात्राहरुका लागि एउटा महामारी चक्रका लागि बढीमा १६ वटा सम्म प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ । सो वमोजिम माग तथा वितरण गरेको अभिलेख विद्यालयबाट लिएको देखिएन ।उक्त प्याडको सम्बन्धमा अनुगमन गरी विद्यार्थी संख्या अनुसार खपत भए नभएको प्रतिवेदन पेश हुनु पर्ने रु.</td><td>१९९९९००</td></tr>
<tr><td></td><td>विपद् व्यवस्थापन कोष तर्फ</td><td></td></tr>
<tr><td>८८.</td><td>प्रकोप व्यवस्थापन कोष — कोरोना भाइरस संक्रमण नियन्त्रण तथा रोकथाम कार्य गर्न पालिकालाई प्रदेश सरकाबाट १५लाख, र स्थानीय तहबाट रु.१४३८७८७१/- रकम ट्रान्सफर गरी कुल रु.१५५८७८७१/- आम्दानी गरेकोमा वटा क्वारेन्टाइन वटा आइसोलेशन, राहत वितरण, क्वारेन्टाईन होडिङ्ग सेन्टरनिर्माण, जनशक्ति परिचालन र स्वास्थ्य सामाग्री खरिद गरी रु.१५८८७८७१/- खर्च भएको देखिन्छ । पालिकाले उक्त खर्च निम्न क्रियाकलापमा देहाय अनुसार गरेको देखिन्छ ।
<table>
<tr><th>क्र.सं.</th><th>खर्च विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>खाद्यान्न खरिद</td><td>५०९८८८४</td><td>४ वटा फर्मबाट सोझै खरिद गरेको देखियो ।</td></tr>
<tr><td>२</td><td>खाजा, खाना, नास्ता र पानी</td><td>७५६१३६</td><td>राहत वितरण गर्दा लाग्ने खाना खाजा चिया पानी तथा ज्याला भुक्तानी</td></tr>
<tr><td>३.</td><td>खाजा, खाना, पानी तथा क्वारेन्टाईन संचालन खर्च</td><td>३७४१४२७</td><td>क्वारेन्टाईन व्यवस्थापन तथा संचालन खर्च गर्न</td></tr>
<tr><td>४</td><td>औषधी एवं स्वास्थ्य उपरकरण सामाग्री खरिद</td><td>२२५५५६०</td><td>सोझै खरिद स्वास्थ्य संस्थालाई हस्तान्तरण गरेको ।</td></tr>
<tr><td>५</td><td>सूचना प्रकाशन</td><td>३०२८२५</td><td>कोरोना भाईरस सम्बन्धि सूचना प्रकाशन गरे वापत सोझै भुक्तानी ।</td></tr>
<tr><td>६.</td><td>दैनिक भ्रमण तथा प्रोत्साहन भत्ता</td><td>३३६८१७४</td><td>लकडाउनको अवधिमा काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता ।</td></tr>
<tr><td>७.</td><td>साबुन,बैनर पम्प सेट विविध सामाग्री खरिद</td><td>३६४८६५</td><td>सोझै खरिद ।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५८८७८७१</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>८९.</td><td>खाद्यान्न खरिदको दररेट र परिमाणको विश्लेषणः</td><td></td></tr>
</table>

क्र.सं.	खाद्यन्न	परिमाण	दररेट	खर्च रकम
१.	चामल	५७९३४ के.जि.	४२.५ देखि ४५	२७६४१३०
२.	दाल	११९४४ के.जि.	११७ देखि ११८	१३०५९७०
३.	आयोडिन नून	६०८३ प्याकेट	१९.७५	१२०१३९
४.	खाने तेल	५५०८ लि.	१४४.२५ देखि१६३	९०८६४५
	जम्मा			५०९८८८४

९०. औषधी, स्वास्थ्य सामाग्रीको परिमाण तथा दररेट विश्लेषणः

क्र.सं.	सामान	परिमाण	दररेट
१.	पि.पि.ई.	९१ सेट	४५०० देखि ११०००
२.	डिटौल साबुन	१२८४८ पिस	३७.१७ देखि ४२
३.	के.एन.९५ माक्स	१८२५ पिस	२०० देखि ८००
४.	आर.डी.टी. किट	४६ पिस	रु.११५०
५.	ब्लिचिङ्ग पाउडर	५० बोरा	रु.४३५०
६.	सेनिटाईजर ५०० एम.एल	६४ थान	रु.४५०
७.	बेड सेट	४७० थान	१७०० देखि २१५०
८.	सर्जिकल ग्लोब्स	६६० जोडा	४५ देखि ५०
९.	माईक्रस पम्प सेट	१३००० पि.	१.५ देखि ३
१०.	डिस्पोजल माक्स	६१०२ पि.	२० देखि ३०
११.	VMT	३०० थान	रु. ५५०
१२.	सेनिटाईजर ५ लि.	२४ पिस	रु.३०००

९१. ५८०-०७७।३।३१ क्वारेन्टाईन अनुगमन निरीक्षण वापत निरीक्षण प्रमाण र हाजिरी वेगर नगर प्रमुख ९४ दिन, प्रमुख जिल्ला अधिकारी ३० दिन र जि.स.स. सभापती ३० दिन प्रति दिन रु.१०००। काक दरले रु.१५४०००। खर्च लेखी प्रमुख जिल्ला अधिकारीलाई रकम बुझाएको समेत देखिएन । कोरोना भाइरसको संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ मा अनुगमन वापत खर्च लेख्ने मिल्ने नदेखिएकोले भुक्तानी दिन नमिल्ने आधार प्रमाण पेश हुनु पर्ने अन्यथा निरीक्षण र हाजिरी प्रमाण वेगर खर्च लेखेको रकम असुल हुनु पर्ने रु.

१५४०००

९२. जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ नगरपालिकाले यस वर्ष ३५ जना स्वास्थ्यकर्मी, २० सुरक्षाकर्मी,१५ प्रशासनिक कर्मचारी र १० जना राजनैतिक पदाधिकारीलाई आतेजाते खाना खाजा भनी काममा खटाएको पत्र र सो वमोजिम कोभिड प्रभावित जोखिम क्षेत्रमा काम गरेको क्वारेन्टाईन गत र स्थान अनुसारको हाजिरी संलग्न नगरी दैनिक रु.१०००। का दरले प्रोत्साहन भत्ता वापत रु.३३१८१७४। भुक्तानी गरेको विवरण प्राप्त भएको छ । कोभिड प्रभावितलाई भत्ता वितरण आदेश वमोजिम तोकिएका क्षेत्रमा काम गरेको स्पष्ट देखिने गरी प्रमाणित हाजिरी नहुँदा ५० प्रतिशत भन्दा बढी भुक्तानी गर्न मिल्ने देखिदैन । उक्त आदेशमा राजनैतिक दललाई भत्ता दिने व्यवस्था नभएकोमा पालिकाले राजनैतिक दलका प्रतिनिधिलाई रु.२५८९३९। भुक्तानी गरी बढी व्ययभार पारेको रु.

२५८९३९

९३. स्वास्थ्यकर्मी र प्रशासनिक कर्मचारीलाई आदेशमा तोके अनुसार शत प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत भत्ता पाउनेको कार्यमा खटाएको र कार्य गरेको हाजिरी पेश नभएकोले अधिकृतस्तरको दैनिक तलब रु.१२००। का दरले रु.६००। मात्र दिन मिल्ने हुँदा निम्नानुसार ५० प्रतिशत भन्दा बढी प्रति दिन रु.४००। का दरले बढी भुक्तानी गरेको रकम असुल गर्नु पर्ने रु.

१३०७२००

कर्मचारी	संख्या	भुक्तानी	बढी भुक्तानी
स्वास्थ्यकर्मी	३५ जना	२३९७०००	९५८८००

प्रशासनिक कर्मचारी	१५ जना	६१२०००	२४४८००
पदाधिकारी	१० जना	२५९०००	१०३६००
जम्मा			१३०७२००

१४. **पेश्कीः** देहायको संघसंस्था, पदाधिकारीहरुले निम्न व.उ.शि.नं. बाट विभिन्न कार्यक्रम वापत लिएको पेश्की आ.व. को अन्त्यसम्ममा फछ्यौंट नभएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्वा ऐन २०७६ वमोजिम कार्य सम्पन्न गरी बिल भरपाई पेश गरी फछ्यौंट गर्नु पर्ने रु. ८६७०५००

फर्छ्यौट गर्न बाँकी पेश्कीको विवरण

पेश्की लिएको मिती	पेश्की लिने व्यक्ति तथा पदाधिकारीको नाम	पेश्की बाँकी
चालु तर्फ		
०७६।०९।१७	गोरी शंकर राउत	११२०००
०७६।१०।२१	श्री प्रा.वि.मधुवनी गो. १२	१५२५५०
०७६।१०।२१	श्री जनता नमुना उ.मा.वि.सिमरा गो. ३	५०८९५०
०७६।११।२१	स्वास्थ्य चौकी रोहुवा	२०००००
०७६।११।२६	श्री वेणी भोला नमुना उच्च मा.वि.गो. ८	६४००००
०७६।११।२६	श्री सामाजिक सामुदायिक जयपुर गो. २	३०००००
०७६।११।२६	श्री जनता मा.वि.रामवन गो. ५	५५००००
०७६।१२।२८	श्री सार्व जनिक जनता आ.वि.गो. ९	३०००००
०७७।०३।१८	अभियान नेपाल सामुदायिक सिकाई केन्द्र गो. ५	२०००००
०७७।०३।३०	भरत मंडल	२५०००
०७७।०३।३१	सहाबुदिन मिकरानी	९५०००
०७७।०३।३१	स्वा.संयोजक देव शंकर मिश्र	५०००००
०७७।०३।३१	जनता आ.वि.	२५००००
०७६।९।१६	स्वा. सह संयोजक प्रमोद पंडित -वृहत पोषण कार्यक्रम संचालन गर्न	१५८५०००
०७६।९।१६	स्वा.संयोजक देव शंकर मिश्र- खाद्यसरक्षा चौमासिक समिक्षा वैठक	२६००००
०७६।१०।२३	स.चा. भरत मंडल-ईन्धन, मर्मत	१३००००
०७६।११।२१	सार्वजनिक प्रा.वि. पिपरनाथ-दिवा खाजा	१८००००
०७६।११।२१	रोहुवा स्वास्थ्य चौकी-आमा सुरक्षा	२०००००
०७७।३।३१	स्वा.संयोजक देवशंकर मिश्र- कोरोना रोकथाम व्यवस्थापन	५०००००
०७७।३।१८	कु.अ.साहवुदिन मिकरानी-औली,कुष्ठरोग र क्षयरोग नियन्त्रण कार्यक्रम	३८७०००
०७७।३।३१	कु.अ.साहवुदिन मिकरानी- स्वास्थ्य कार्यक्रम	९५०००
२०७७।३।९	नगर सभा संचालन पेश्की राजकिशोर साह	५०००००
०७७।३।१८	अभियान नेपाल सा.शि.वि. केन्द्र-शिक्षण सिकाई	२०००००
पूँजिगत तर्फ		०
०७७।३।११	सू.प्र.अ. अरविन्द कुमार साह लाई मेशिन औजार खरिद गर्न	३०००००
०७७।३।३१	सवारी चालक भरत मंडल सडक मर्मत	५०००००
	जम्मा	८६७०५००

प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

९५. **प्रधानमन्त्रीरोजगारकार्यक्रम-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामुदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीयतहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३०४ जनालाई रोजगारी उपलव्ध गराई रु.११३१११.१४५७। खर्च गरेको छ। लक्षित वर्गलाई ५ दिन देखि १० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।

गो.भौ.नं.	निर्माण कार्य	अविध	रोजगार पाउने संख्या	खर्च रकम
५८६	वडा नं.६ नासी टोल देखि बगदह गाउँ सम्म सडक मर्मत	१०	६५	२४२०३६
५९०	वडा नं.७ को कुलो सरसफाई	९	७५	३४५८०१
५८८	वडा नं.१० गाउँभित्र सडक ग्राभेल कार्य	८	५०	२४७५००
५८७	वडा नं.९ वकैया र भाट वस्ती भित्र सडक मर्मत तथा निर्माण	८	४८	३४१२५०
५८९	वडा नं.१० ह्युम पाईप जडान	५	२५	९९०००
५९१	वडा नं.१२ सिंचाई कुलो पैनी निर्माण तथा मर्मत संभार	९	७५	३४५०००
५९२	वडा नं.११ नहर सरसफाई र मर्मत गर्ने	६	१२८	३४६५००
५९३	वडा नं.४ राधेश्याम चौधरीको घर देखि मूल नहर सडक मर्मत	१०	३२	३४८०९२
३९४	वडा नं.५ माईस्थानको कल्भर्ट निर्माणको दुवै साईडमा माटो पुर्ने तथा सडक मर्मत	९	३६	३१७१९७
६०९	वडा नं.८ चन्द्र मोहन झाको फूलवारी देखि हुलाकी सडक सम्म ग्राभेल	९	१२	३४४६१३
	जम्मा			२९७६९८९

९५.१. ६०९-०७७।३।३१ प्रधानमन्त्री रोजगार कार्यक्रमको मुख्य उपद्देश्य मुलुक भित्र पर्याप्त रोजगारका अवसर सिर्जना गरी सामाजिक सुरक्षाको प्रदान गर्नु पर्ने व्यवस्था रहेको छ । प्रधानमन्त्री रोजगारमा कार्यक्रममा संचालन हुने कार्यक्रममा कुल वजेट मध्ये ७० प्रतिशत रोजगारमा र ३० प्रतिशत मेट्रियलमा खर्च गर्नु पर्ने व्यवस्था छ । यस वर्ष पालिकाले वडा नं.८ चन्द्रमोहन झाको फूलवारी देखि हुलाकी सडक सम्म ग्राभेल कार्य गर्न १२ जना रोजगारको ९ दिनको रु.५२०।का दरले रु.५६१६०। रोजगारमा र मेट्रियलमा रु.२८८४५३। खर्च भएको देखियो । कार्यक्रम भन्दा फरक प्रकृतिले खर्च गरेकोमा कार्यालयबाट छानवीन गरी अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने रु.

३४४६१३

९५.२. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ५(क)रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिले लाभग्राही परिचय पत्र पाउनु पूर्व अनिवार्य रुपमा बैंक खाता खोल्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्दा रोजगार केन्द्र सूचीकृत बेरोजगार व्यक्तिलाई नगद वितरण गरेको देखियो । कार्यालयले रोजगारहरुको ज्याला रकम बैंक मार्फत वितरण गर्नु पर्दछ ।

९५.३. **अनुगमन, मूल्यांकन तथा प्रतिवेदनः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ७३ मा रोजगारको नियमित रुपमा अनुगमन तथा मूल्यांकन स्थानीय तहले कार्यक्रमको सम्बन्धि नगर कार्यपालिकाले गर्नु पर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन, मूल्यांकन गरी प्रतिवेदन पेश गरेको देखिएन । नगर कार्यापालिकाले अनिवार्य रुपमा आयोजनाहरुको नियमित अनुगमन गर्नु पर्दछ ।

<table>
<tr><td>९५.४.</td><td>रोजगार व्यवस्थापन सूचना प्रणालीः प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ८८(३)मा नगर कार्यपालिकाको कार्यालय, महालेखा नियन्त्रक कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा यस कार्यक्रमको सूचना संकलन वा प्राप्ति, प्रगति प्रतिवेदन, तथ्यांकको सार्वजनिक सार्वजनिकीकरण र भुक्तानी गर्न रोजगार व्यवस्थापन सूचना प्रणालीको अनिवार्य रुपमा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार व्यवस्थापन सूचना प्रणालीमा दर्ता गाएको देखिएन ।</td><td></td></tr>
<tr><td>९५.५.</td><td>सार्वजनिक सुनुवाईः प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ७८ मा सम्बन्धि नगर कार्यपालिकाका लाभग्राहीहरुको संलग्नतामा वर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नु पर्ने व्यवस्था छ । पालिकाले सार्वजनिक सुनुवाई गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>९६</td><td>पोषण कार्यक्रम तर्फ</td><td></td></tr>
<tr><td>९६.१</td><td>बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत यस वर्ष गर्भवती महिलाहरुको लागि चना १२०० के.जि. प्रति के.जि. रु.१२५। का दरले रु.२१००००। अफ्सा सप्लायर्स, मलंगवा बाट खरिद भएको विल मात्र पेश भएको देखियो । चना वितरण कार्यक्रममा चना वितरण भएको भरपाई पेश नभएको देखियो ।कार्यालयले अनुगमन सहित चना वितरण गरेको भरपाई पेश गर्नु पर्ने रु.</td><td>२१००००</td></tr>
<tr><td>९६.२</td><td>बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत यस वर्ष गर्भवती महिलाहरुको लागि ४४२ प्याकेट घ्यू हनुमान ट्रेडर्स बथनाहा महत्तरीबाट खरिद भएको विल मात्र पेश भएको देखियो । घ्यू वितरण कार्यक्रममा घ्यू वितरण गरेको भरपाई पेश भएको देखिएन । कार्यालयले अनुगमन सहित घ्यू वितरण गरेको भरपाई पेश गर्नु पर्ने रु.</td><td>२९९६७६</td></tr>
<tr><td>९६.३</td><td>हनुमान ट्रेडर्स बथनाहा (३०४९७२८६७) महत्तरीबाट घ्यू खरिद गर्दा विजक नम्बर उल्लेख नभएको कर विजक जारी गरी रु.३४४७६। मू.अ.कर भुक्तानी गरेकोले मू.अ.कर सामायोजन हुने प्रमाण पेश हुनु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने रु.</td><td>३४४७६</td></tr>
<tr><td>९७</td><td>ब.उ.शि.नं ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रमतर्फ)</td><td></td></tr>
<tr><td>९७.१</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १९ मा तोकिएको शर्त पूरा भएका व्यवस्थापकीय सूचना प्रणालीमा दर्ता गराएको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता दिने र दफा २१ मा लाभग्राहीको बिबरण एम आइ एस मा प्रबिष्ट नभइ सामाजिक सुरक्षा भत्ता बापतको रकम निकासा प्राप्त नहुने व्यवस्था रहेको छ । कार्यालयले २०७७ असार मसान्त सम्म एम आइ एस मा अनलाइन इन्ट्री नगरेको मेनुअल लगतको आधारमा सामाजिक सुरक्षा वापत रु.१०८१६५७००। बैंकलाई र बालपोषण भत्ता वितरण गर्न पालिकाले वडा सचिवहरुलाई रु.२२६९००००। नगद वितरण गर्न पेश्की दिएको देखियो। नगद हिनामिना हुन सक्ने र नगद बित्तरण जोखिमपुर्ण हुने भएकोले सामाजिक सुरक्षा भत्ता व्यवस्थापकीय सूचना प्रणालीमा दर्ता गराई बैंकमार्फत वितरण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९७.२</td><td>बालपोषण भत्ता वितरण गर्न आ.व.२०७६/७७ मा वडा सचिवहरुलाई रु.२२६९००००। पेश्की दिई रु.४१३१८००। वितरणको भरपाई पेश भएको छ । कार्यालयबाट पेशको भएको भरपाईको परीक्षण गर्दा व्यवस्थापकीय सूचना प्रणालीमा दर्ता नभएको, लाभग्राहीको मागको आधारमा लगत भिडान गर्न नसकेको र लाभग्राहीहरुको संख्या एकिन गर्न नसकिने भएकोले कार्यालय छानविन गरी असुल उपर गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९७.३</td><td>पेश्कीः सामाजिक सुरक्षा भत्ता वितरण गर्न आ.व.२०७६/७७७ को तिनटै किस्ताको रकम निम्नानुसार वडा सचिवलाई पेश्की दिएकोमा आर्थिक वर्ष भित्र फछ्यौट गरेको नदेखिएकोमा रु.२२६९००००।पेश्की दिई रु.४१३१८००। लेखापरीक्षण गरिएको घटाई बाँकी पेश्की रु.१८५५८२००।असुल फछ्यौट गर्नु पर्ने रु.
<table>
<tr><th>वडा नं.</th><th>पेश्की लिनेको नाम र पद</th><th>किस्ता</th><th>पेश्की रकम</th></tr>
<tr><td>१</td><td>वडा सचिव पुरुषोत्तम राय</td><td>तेश्रो</td><td>७६६४००</td></tr>
<tr><td>२</td><td>वडा सचिव रामपृत सिंह</td><td>प्रथम</td><td>६०१६००</td></tr>
<tr><td>२</td><td>वडा सचिव अनिल कुमार गुप्ता</td><td>दोश्रो र तेश्रो</td><td>१९१८४००</td></tr>
<tr><td>३</td><td>वडा सचिव साधो मिश्र</td><td>तेश्रो</td><td>६०९६००</td></tr>
<tr><td>४</td><td>वडा सचिव उपेन्द्र महतो</td><td>दोश्रो र तेश्रो</td><td>८६४०००</td></tr>
</table></td><td>१८५५८२००</td></tr>
</table>

५	वडा सचिव देवेन्द्र मल्लिक	प्रथम र दोश्रो	१४९७२००
५	वडा सचिव रत्नेश्वर पंडित	तेश्रो	८३५२००
६	वडा सचिव दिपक कुमार मिश्र	प्रथम	६०८०००
६	वडा सचिव देवेन्द्र कुमार मल्लिक	दोश्रो र तेश्रो	१३८४०००
७	वडा सचिव अनिल कुमार गुप्ता	प्रथम	३६४८००
७	वडा सचिव रामपृत सिंह	तेश्रो	४६४०००
८	वडा सचिव माया देवी खत्री	तेश्रो	४४५०००
९	वडा सचिव राम एकवाल राय	तिनटै	२४५१२००
१०	वडा सचिव गौरीशंकर राउत	दोश्रो र तेश्रो	१३७९२००
११	वडा सचिव भिखारी राउत	तिनटै	२६९९२००
१२	वडा सचिव रामएकवाल राय	दोश्रो र तेश्रो	१६७०४००
	जम्मा		१८५५८२००

९७.४	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यममा अनिवार्य रुपमा पठाउनुपर्नेमा यो आ.व.मा बैंक मार्फतबितरण को लागि सेन्चुरी बैंकलाई प्रथम रु.३६१५२१००।, दोश्रो रु.३६२८५६००। र तेश्रो रु.३५७२८०००। गरी रु.१०८१६५७००। निकासा दिएकोमा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा नगरपालिकालाइ विद्युतीय माध्यममा सो अनुसारको बिबरण पेश गरेको देखिएन । लेखापरीक्षणको क्रममा माग गर्दा बैंकको २०७८।१।२४ को निकासा रकम मध्ये पत्रबाट आर्थिक वर्ष २०७४।७५ को रु.८४१२००। २०७५/७६ को रु.८०८६००। र २०७६।७७ को रु.१८३८०००। बैंकमा नै मौज्दात रहेको विवरण पेश भएको छ ।यसरी चौमासिक रुपमा लाभग्राहीको खातामा जम्मा गरी बाँकी रकम कार्यालयमा फिर्ता गर्नु पर्नेमा वगत वर्ष देखिको रु.३४८७८००। लेखापरीक्षण अवधी सम्म फर्ता गरेको देखिदैन । पेश भएको स्टेटमेन्ट अनुसार लाभग्राहीको खातामा ३ कितास्ताको एकै चोटी लाभग्राही खातामा जम्मा गरेको देखियो । चौमासिक रुपमा लाभग्राहीको किस्ता अनुसार चौमासिक रुपमा लाभग्राहीको खातामा जम्मा गरेको विवरण पेश गर्ने कार्यविधिको अवस्था पालन हुनु पर्दछ । यस आर्थिक वर्षको रु.१८३८०००। समेत विगत वर्षको मौज्दात समेत अविलम्ब फिर्ता लिई संघीय संचित कोष दाखिला गर्नु पर्ने रु.	९८३८०००
९७.५	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १९ मा तोकिएको शर्त पूरा भएका व्यवस्थापकीय सूचना प्रणालीमा दर्ता गराएको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता दिने र दफा २१ मा लाभग्राहीको बिबरण एम आइ एस मा प्रबिष्ट नभइ सामाजिक सुरक्षा भत्ता बापतको रकम निकासा प्राप्त नहुने व्यवस्था रहेको छ ।कार्यालयले २०७७ असार मसान्त सम्म एम आइ एस मा अनलाइन इन्ट्री नगरेकोमेनुअल लगतको आधारमा लाभग्राहीको खातामा रकम भुक्तानीको लागी बैंकमा पठाएको देखियो । एम.आइ.एसमा नाम नभएको व्यक्तिलाई सहकारी संस्था मर्फत वितरण गरेतापनि उमेर, प्रकार र भत्ता पाउने दर फरक पर्न सक्ने, भत्ता खाने व्यक्ति नखान सक्ने र नखाने व्यक्ति भत्ता खान सकेन भएकामा कार्यालयले एम आइ एसमा नाम दर्ता गराई भत्ता वितरण गर्नु पर्ने साथै वितरण भएको भत्ताको कार्यालय अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।	
९७.६	**लगत कट्टाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ बमोजिम स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विहे गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, एक आ.व. को बैंकबाट वितरण भएकोमा लगातार १ वर्ष सम्म	

	खाता निस्क्रीय भएमा, एक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा र अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकबाट आ.व. २०७६।७७ मा लाभग्राहिको लगटकट्टा गरेको विवरण पेश भएको छैन । जसबाट वास्तविक लाभग्राहीको संख्या एकिन गर्न सकिएन ।
९७.७	**पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३(घ) बमोजिम पारदर्शिता प्रवद्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन ।
९७.८	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन।
९७.९	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ ।
९८	• **कर दस्तुर एवं आन्तरिक आय**
९८.१	**रसीद ठेली पेश नभएको-**आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ को दफा १२ र १३ मा प्रचलित कानून वमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय प्रमुखले १०दिन ढिलो गरे १० प्रतिशत, १५ दिन ढिलो गरे १५ प्रतिशत र १५ दिनभन्दा बढी ढिलो गरे २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रानुसार प्रचलित कानून वमोजिम विभागीय कारवाहीसमेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिकाबाट नगदी रसिद बुझीलिने वडा कार्यालयहरुले दैनिक आर्जन गरेको राजश्व रकम राजश्वको दैनिक आम्दानी खाता (म.ले.प.फा.न.१०८)मा दैनिक रसिद नम्वर र रकम खुलाई लेखाकंन गर्नु पर्नेमा गरेको देखिएन ।लेखापरीक्षण क्रममा वडा सिचवहरुले बुझेका निम्न रसिद ठेलीहरु पेश नभएकोले वास्तविक आम्दानि एकिन गर्न सकिएन। पेश नभएका ठेलीहरुको सम्बन्धमा छानविन गरी राजश्व आर्जन गरेको भए हर्जना सहित दाखिला गरि सम्बन्धित व्यक्तिहरुलाई जिम्मेवार बनाउनु पर्दछ । साथै उक्त ठेलीहरु लेखापरीक्षाणलाई पेश गरिनु पर्दछ ।

रसिद बुझेको नाम र पद	रसिद नं.	ठेली संख्या	ठेलीको प्रकार
वडा नं.५र ८ वडा सचिव रत्नेश्वर पंडीत	६००१-६२००,९००१-९१५०	७	मालपोत
वडा नं.३ र ४ वडा सचिव साधो मिश्र	३०५१-३३००,२२५१-२३५०	७	मालपोत
वडा नं.५ र ६ वडा सचिव देवेन्द्र मल्लिक	६६०१-६६५०,३८५१-३९५०, ४२०१-४२५०, ४४५१-४५००, ४७५१-४८, ४६५१-४७००	७	मालपोत
वडा नं.४ वडा सचिव उपेन्द्र महतो	३३०१-३४००	२	मालपोत
वडा नं.११ वडा सचिव भिखारी राउत	३५१-६००	५	मालपोत
वडा नं.९ वडा सचिव राम एकवाल राय	७२०१-७३००	२	मालपोत
वडा नं.१० वडा सचिव गौरी शंकर राउत	२२५१-३४००, ३००१-३०५०, ५८०१-५९००	४	मालपोत
ठेक्काको लागि शत्रुधन महतो	५६५१-५७००	१	नगदी
वडा नं.१० वडा सचिव उपेन्द्र महतो	५७०१-५८००,१३५१- १६००	७	नगदी
वडा नं.११ वडा सचिव भिखारी राउत	०१-२५०,१६५१-१७५०	७	नगदी
वडा नं.७ वडा सचिव अनिल गुप्ता	२५१-५००	५	नगदी

वडा नं.१२ वडा सचिव दिपक कुमार मिश्र	५०१-७५०	५	नगदी
वडा नं.५र ६ वडा सचिव देवेन्द्र मल्लिक	७५१-१०००,२३०१-२८००	१५	नगदी
वडा नं.२ वडा सचिव रामपृत सिंह	१००१-१२५०	५	नगदी
न्याय समिति गौरी शंकर राउत	१२५१-१३००	१	नगदी
वडा नं.९र१२ वडा सचिव राम एकवाल राय	१३०१-१३५०,२८०१-३१००	७	नगदी
कृषि शाखा सतेन्द्र ठाकुर	१६०१-१६५०	१	नगदी
वडा नं.४ वडा सचिव साधो मिश्र	१७५१-२०००	५	नगदी
वडा नं.५ वडा सचिव रत्नेश्वर पंडीत	२००१-२१००,३१०१-३२००	४	नगदी
वडा नं. ८ वडा सचिव माया देवी खत्री	२१०१-२२५०	३	नगदी
वडा नं.३ वडा सचिव पुरुषोत्तम राय	२२५१-२३००	१	नगदी
वडा नं.७ वडा सचिव उमेश कुमार वस्नेत	३२०१-३४५०	५	नगदी
जम्मा		१०६	

९८.२	नगरपालिकाले यस वर्ष आन्तरिक आय वापत रु.१६१४६२०८। आम्दानी जनाएकोमा ठेक्का पट्टाबाट असुल भएको रु.६८८३६५। ठेक्का व्यवस्थाको फाईल र असुली विवरण लेखापरीक्षण पेश नभएको ठेक्का फाईल तथा असुली दाखिला विवरण पेश हुनु पर्ने रु.	६८८३६५
९८.३	नगरपालिकाले वडा सचिवमार्फत मालपोतबाट असुली रु.५८७२५२।, सिफारिस दस्तुरबाट रु.३५४७८१।, व्यक्तिगत घटना दर्ता रु.५९०३३२।, प्रतिलिपि र जग्गा मुल्यांकन रु.१०६१२९। समेत कुल रु.१६३८४९४। आम्दानी जनाएकोमा उक्त आम्दानी नगदी रसिदको अर्धकट्टी दैनिक आवर्जे किताब र दाखिला भौचर लेखापरीक्षणमा पेश नभएकोले आम्दानी एकिन हुन सकेन उक्त आम्दानीका असुली तथा दाखिलाको प्रमाण पेश हुनु पर्ने रु.	१६३८४९४
९८.४	**रासिद नियन्त्रण खाताः** यो आ.व.मा पनि रसिद नियन्त्र खाता व्यवस्थित नराखेको, गत वर्षको ठेलीको मौज्दात नराखेको, कति रसिद छपाएको र कति वितरण गरेको यकिन गर्न सकिएन । कार्यालयले रसिद अहिले सम्म कति रसिद प्राप्त भए, कति वितरण र कति मौज्दात छ भनी छानवीन गरि यकिन गर्नु पर्दछ।	
९८.५	**राजस्वको अभिलेख** ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ राखेको देखिएन । ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फारम राखी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। यस वर्ष नगदी रसिदबाट असुली गरेको सिफारिस दस्तुर र मालपोतबाट रु.१५३२३६५। आम्दानी गरेकोमा सोको रसिद नम्बर अनुसार दैनिक आवर्जे नराखेबाट असुल गरी आम्दानी गरेको रकम एकिन गर्न सकिएन ।	
९८.६	**व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत तथा कर रकम समेत संकलन गरेको पाईएन । नगरपालिकाले यस बर्ष ब्याबसाय कर बापत राजस्व उठाउने अनुमान प्रस्ताब गरेकोमा असुली शुन्य रहेबाट व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।	
९८.७	**सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	

<table>
<tr><td>९८.८</td><td>मनोरञ्जन करः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले मनोरञ्जन कर वापत राजस्व उठाउने अनुमान प्रस्ताव गरेकोमा असुली शुन्य देखियो । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९८.९</td><td>दरभाउपत्र तथा बोलपत्र फारम बिक्री गरेको नगदी रसिद र बिक्री रजिष्टर माग गरेकोमा पेश नभएकोले कति राजश्व प्राप्त भई कति दाखिला भएको हो यकिन गर्न सकिएन । कार्यालयले छानविन गरि असुली रकम दाखिला गर्नु पर्न देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>धरौटी तर्फ</td><td></td></tr>
<tr><td>९९</td><td>धरौटीः गत बर्षको मौज्दात रु.५८५३६६.२०। मा यस बर्ष आम्दानी रु.१०१५४६३.१०। भइ कुल रु.१६००८२९.३०। मा रु.५७२६४३। फिर्ता जनाइ रु.१०२८१८६.३०। मौज्दात रहेको आर्थिक बिबरण पेश भएको छ।</td><td></td></tr>
<tr><td>९९.१</td><td>कार्यालयबाट धरौटि बाकीको नामनामेसि बिबरण पेश भएन ।जसबाट मौज्दात कस कसको हो एकिन गर्न सकिएन ।नामनामेसी बिबरण तयार गरी नाम नखुलेको धरौट सदरस्याहा गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९९.२</td><td>धरौटी फिर्ताः सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२४ बमोजिम निर्माणब्याबसायिको रिटेन्सन मनि बापत बिलबाट कट्टी गरि राखेको रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण पेश गरेपछि मात्र दिनुपर्नेमा निर्माण ब्याबसायिले कर बिबरण पेश कर सामायोज गरीको पत्र वेगर मागको आधारमा निम्नानुसारको धरौटीफिर्ता गरेको देखिएकोले भुक्तानी भएको मु. अ. कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><td>गो.भा.न</td><td>फिर्ता पाउनेको</td><td>फिर्ता</td><td>कैफियत</td></tr>
<tr><td>२२-०७७।१०।०७</td><td>प्रयाग सप्लायर्स, कविलासी-८</td><td>७५२७६</td><td>निवेदनको आधारमा करचुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन वेगर भुक्तानी ।</td></tr>
<tr><td>२३-०७६।१०।०७</td><td>लक्ष्मी सप्लायर्स एण्ड कन्स्ट्रक्सन मलंगवा-१०</td><td>१९८८४९</td><td>निवेदनको आधारमा करचुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन वेगर भुक्तानी ।</td></tr>
<tr><td>२४-०७६।१०।०७</td><td>राज कन्ट्रक्सन मलंगवा-१०</td><td>१९६९५</td><td>निवेदनको आधारमा करचुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन वेगर भुक्तानी ।</td></tr>
<tr><td>२९-०७६।१०।२४</td><td>ईस्माईल मेडिसन सप्लायर्स काठमान्डौ-३२</td><td>५५०००</td><td>निवेदनको आधारमा करचुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन वेगर भुक्तानी ।</td></tr>
<tr><td>३०-०७६।१०।१४</td><td>सुविसु मेडिसिन काठमान्डौ</td><td>५५०००</td><td>निवेदनको आधारमा करचुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन वेगर भुक्तानी ।</td></tr>
<tr><td>३३-०७७।३।९</td><td>लक्ष्मी सप्लायर्स एण्ड कन्स्ट्रक्सन मलंगवा-१०</td><td>१२७६५०</td><td>निवेदनको आधारमा करचुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन वेगर भुक्तानी ।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५३१४७०</td><td></td></tr>
</table></td><td>५३१४७०</td></tr>
<tr><td>१००</td><td>अनुगमन तथा सम्परीक्षण– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा बिगत बर्षको बेरुजु फछ्यौट</td><td></td></tr>
</table>

	गरी सम्परीक्षणको लागी अनुरोध गरेको छैन। बाँकी बेरुजु नियमानुसार फर्छ्यौट गर्नु पर्दछ ।	
१०१	**संचित कोष तथा बेरुजुको स्थिती**ः पालिकाको संचितकोषको बिबरण, बेरुजु वर्गीकरण(विनियोजन, राज्स्व, धरौटी र अन्यकारोबार) र अधावधिक बेरुजु स्थिति क्रमशः अनुसुचि १, अनुसुचि २ र अनुसुचि ३ मा समाबेश गरिएको छ ।	

स्थानिय संचितकोष विवरण

२०७६/७७

अनुसूचि १

रु हजारमा

सि.न.	स्थानियतह	जिल्ला	आय									जम्मा आय	व्यय				मौज्दात
			लेखापरीक्षण रकम	बेरुजु रकम	बेरुजु प्रतिशत	गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँड रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
						१	२	३	४	५	६(२+३+४+५)	६	७	८	९(६+७+८)	१०(१+६-९)
१	**गोडौता नगरपालिका**	सर्लाही	११९११६१	११२९८७	९.४९	४५८९६	३८८५८८	६७१४६	१४४३२	१५१६७२	६२१८३८	९३५११	११८७५०	३५७०६२	५६९३२३	९८४११

बेरुजु वर्गीकरण(विनियोजन, राज्स्व, धरौटी र अन्यकारोबार)

२०७६/७७

अनुसूची-२

(रु हजारमा)

सि.न.	स्थानियतहको नाम	जिल्ला	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	**गोडौता नगरपालिका**	सर्लाही	६९	६४	११३६७५	०	१	६८८	६९	६३	११२९८७	१०७४७	१६७१३	५७७९८	०	०	७४५११	२४०४७	३६८२	२७७२९

अद्यावधिक बेरुजु स्थिति

अनुसूची-३

२०७६/७७

(रु हजारमा)

क.स.	स्थानियतहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी बेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेश्की
१	**गोडौता नगरपालिका**	सर्लाही	३२५५०३	०	०	०	०	०	३२५५०३	११२९८७	४३८४९०	८१०६३